दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौ
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५८२५७१

शाइन रेसुंगा बैंकको अध्यक्षमा पुन: पौडेल

बैंकका अध्यक्ष धनेश्वर पौडेल (बायाँ) र प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल (दायाँ) ।

बुटवल । शाइन रेसुंगा डेभलपमेन्ट बैंक लि.को अध्यक्षमा पुन: धनेश्वर पौडेल निर्वाचित भएका छन् । बैंकको शुक्रबार सम्पन्न १६औं साधारणसभाले निर्वाचित गरेका सात जना सञ्चालकहरूको बैठकले अध्यक्षमा पौडेललाई चयन गरेको हो । उसको सञ्चालकहरूमा प्राध्यापक गोपाल पाण्डे, इञ्जिनियर सुरज उप्रेती, डा. हिमाल भट्टराई, वीरेन्द्र विष्ट, नम्रता भण्डारी र वीरेन्द्र भुसाल चयन भएका बैंकका कम्पनी सचिव एवं प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले जानकारी दिए ।

७ सदस्यीय सञ्चालक समितिमा डा. हिमाल भट्टराई र वीरेन्द्र भुसाल नयाँ हुन् भने बाँकी यसअघिकै सञ्चालक समितिमा रहेका हुन् । ८ अर्ब अधिकृत पुँजी तथा जारी र चुक्ता पुँजी समान ४ अर्ब ७२ करोड ३६ लाख रहेको शाइन रेसुंगा बैंक बुटवलमा केन्द्रीय कार्यालय भएको लुम्बिनी प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो । ८८ वटा शाखा कार्यालय, एक एक्सटेन्सन काउन्टर, १६ वटा एटीएम मेशिन सञ्चालनमा रहेका बैंकका ७ लाख ५ हजार ५८ जना बचतकर्ता छन् । बैंकले १७ हजार १३५ जनालाई विभिन्न प्रकृतिका कर्जा प्रवाह गरेको छ । बैंकमा ७३८ जना कर्मचारी कार्यरत छन् । बैंकको पछिल्लो वित्तीय विवरण अनुसार कूल निक्षेप ६७ अर्ब १७ करोड,९५ लाख,कर्जा तथा सापट ५५ अर्ब ९२ करोड १० लाख र प्रति शेयर आम्दानी १४.४८ रहेको छ। बैंकको पुँजीकोष अनुपात १२.५६ प्रतिशत छ।

परिणाममुखी काम गर्न गृहमन्त्री लेखकको निर्देशन

काठमाडौं । गृहमन्त्री रमेश लेखकले सीमित स्रोत र साधनकाबिच परिणाममुखी काम गर्न मुलुकभरका प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखलाई निर्देशन दिएका छन् ।

गृह मन्त्रालयले शुक्रबार आयोजना गरेको जिल्ला सुरक्षा समितिसँगको भर्चुअल बैठकमा गृहमन्त्री लेखकले लागुऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण तथा सवारी दुर्घटना न्यूनीकरण चुनौतीका रुपमा रहेको उल्लेख गर्दै सीमित स्रोतसाधनकाबीच गम्भीर भएर काम गर्न निर्देशन दिए ।

"अहिले चुनौतीका रुपमा देखापरेका तीनवटै विषय एकअर्कासँग सम्बन्धित छन्", उनले भने-"त्यसको न्यूनीकरणका लागि प्रदेश र स्थानीय तहसित पनि समन्वय गरेर लाग्नुहोस् ।" सीमामा हुने अपराध, चोरीसिकारी नियन्त्रण, भ्रष्टाचार न्यूनीकरण र आर्थिक अनियमिततामा शून्य सहनशिलताको नीति अपनाउन आग्रहसमेत उनले गरे ।

» बाँकी ३ पेजमा

प्रदेश सरकारले प्रोत्साहन रकम रोक्दा दूध उत्पादक किसान निराश

प्रतिलिटर दुई रुपैयाँका दरले दिँदै आएको प्रोत्साहन रकम गत वर्षदेखि कटौति गर्दा निराश र निरुत्साहित भएर सैनामैनाका मात्रै १० वटा ठूला गाई र भैंसीका फार्म बन्द गरेर किसानहरु विदेश पलायन भएका छन् ।

टिआर शर्मा

बुटवल

लुम्बिनी प्रदेश सरकारले दुई वर्षअघिसम्म प्रतिलिटर दुई रुपैयाँका दरले दिँदै आएको प्रोत्साहन रकम कटौति गरेपछि दुग्ध उत्पादक किसान निराश र निरुत्साहित भएका छन् । किसानले उक्त प्रोत्साहन रकम पुन: नियमित गर्न प्रदेश सरकारसँग माग गरेका छन् ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० देखि किसानले पाउने प्रतिलिटर दुई रुपैयाँ प्रोत्साहन अनुदान रकम कटौति गरेको र सैनामैना नगरपालिकाले दिने अनुदान समेत अत्यन्त कम भएको गुनासो किसानले गरेका छन् ।

रुपन्देहीकै पुरानो र ठूलो सालझण्डी दुग्ध उत्पादक सहकारी संस्थाले पत्रकार सम्मेलन गरी प्रदेश सरकारले प्रोत्साहन रकम रोक्दा दूध उत्पादनमा संलग्न किसानहरु निराश भएर विदेश पलायन हुन थालेको गुनासो गरे । स्थानिय पालिकाले प्रति लिटर एक रुपैयाँसम्म अनुदान दिएको भन्दै प्रदेशले दिँदै आएको अनुदान रोकेर किसानमाथि अन्याय गरेको सहकारीका अध्यक्ष तिलकराम घिमिरेले बताए ।

किसान महासंघमार्फत् मुख्यमन्त्री चेतनारायण आचार्यलाई भेटेर दूधमा दिँदै आएको अनुदान पुन: सुचारु गर्न माग गरे पनि कुनै सुनुवाइ नभएको गुनासो गरे ।

'स्थानीय सरकारले अनुदान दिएको भनेर प्रदेश सरकारले रोकेको हो भने हामी पालिकाको पैसा लिन्नौं, प्रदेशबाट दिँदै आएको नघटाइ दिइयोस्,' अध्यक्ष घिमिरेले भने-'कृषि प्रधान मुलुक भन्दै नेता र मन्त्रीले भाषण गर्ने, तर किसानलाई दिँदै आएको प्रोत्साहन अनुदान रोक्ने रवैयाले किसानहरु निराश भएका छन्, सैनामैनाका मात्रै १० वटा ठूला गाई र भैंसीका फार्म बन्द गरेर किसान विदेश पलायन भए, योभन्दा ठूलो विडम्बना के हुन्छ ?'

प्रदेश सरकारले दूध उत्पादनको आधारमा नभई जिल्लाका आधारमा प्रोत्साहन अनुदानको बजेट विनियोजन गर्ने अवैज्ञानिक नीतिका कारण प्रदेशमै सबैभन्दा धेरै दूध उत्पादन गर्ने रुपन्देहीलाई प्रोत्साहन अनुदान कटौति हुन पुगेको उनले औंल्याए ।

'जिल्ला हेरेर हैन, दूध उत्पादनको मात्रा हेरेर प्रोत्साहन बजेट छुट्याउनुपर्छ तब मात्र किसानलाई न्याय हुन्छ,' अध्यक्ष घिमिरेले भने-'सरकारले उत्पादनका आधारमा प्रोत्साहन रकमलाई निरन्तरता नदिने हो भने केही वर्षमा किसानले व्यावसायिकरुपमा गाई भैंसी पाल्न छाड्ने अवस्था आउँछ, यसतर्फ सरकार गम्भीर बनोस् ।'

सहकारी संस्थामा ४०९ जना किसानले दैनिक १० हजार लिटर दूध उत्पादन गर्ने क्षमता भए पनि बजार खुम्चिँदा ४ हजार ५ सय लिटर दूध उत्पादन गरिरहेको अध्यक्ष घिमिरेले बताए । उनले नगरपालिकाले किसानहरुको पहिचानका लागि किसान कार्ड लागू गर्न पनि सरकारसँग माग गरेका छन् ।

दूधको उपभोग गर्ने युवा जनशक्तिको बढ्दो विदेश पलायन र खुला सीमाबाट नेपाल भित्रिने गुणस्तरहीन सस्तो दूधका कारण स्थानीय किसानले उत्पादन गरेको दूध समेत बिक्रीमा बजारको समस्या देखिएको सालझण्डीका पशुपालक किसानहरुले गुनासो गरेका छन् ।

खुला सिमाका कारण भारतबाट सस्तो दूध बुटवललगायतका बजारमा आउँदा आफूहरुले उत्पादन गरेको दूध बिक्री तथा बजारीकरणमा समस्या भएको किसानहरुको गुनासो छ ।

उनीहरुले खुला सिमामा कडाई गरी भारतीय दूध आयात पूर्णरुपमा रोक्न माग गरेका छन् ।

स्थानीय, प्रदेश र संघिय सरकारले दूधको उपभोग बढाउने नीति र कार्यक्रम नल्याउँदा पनि किसानहरु निरुत्साहित भएको सहकारीका पूर्व अध्यक्ष टिकाराम पाण्डेले गुनासो गरे । 'तीनै तहका सरकारले दुग्ध उत्पादक किसानको समस्या समाधान गर्न प्राथमिकता दिएनन्, वर्षौंदेखि हाम्रा उस्तै छन्,' पाण्डेले रुष्ट हुँदै भने-'नेपाललाई अब कृषि प्रधान मुलुक भन्न छाडे हुन्छ, युवा निर्यात प्रमुख मुलुक भने हुन्छ ।'

किसानले पशु बिमाबापत पाउनु पर्ने रकम समेत समयमा नपाउँदा दूध उत्पादन पेशामा टिकिरहन आँगर मरेको र थप निराश बनाएको सालझण्डीका किसान ऋषिराम ज्ञवालीले गुनासो गरे ।

'चार महिना भयो बिमा दावी गरेको अहिलेसम्म पाइएको छैन,' उनले भने-'सरकारले दूध उत्पादन गर्ने किसानलाई कुनै प्रोत्साहन गर्न सकेन, पाउँदै आएको अनुदान पनि कटौति गऱ्यो यसरी कति दिन टिक्ने ?'

सैनामैना नगरपालिका वडा नं. ११ का वडाध्यक्ष रामप्रसाद भुसालले नेपाल-भारत खुला सिमाका कारण भारतीय दूध नेपाली बजारमा आउँदा नेपाली दूध उत्पादक किसानलाई समस्या परेकाले त्यसलाई रोक्नुपर्ने बताए ।

सैनामैना नगरपालिकाले किसानलाई उत्पादनका आधारमा दूधमा अनुदान दिए पनि त्यो ज्यादै कम भएकाले आगामी दिनमा अनुदान बढाउन प्रयास गर्ने प्रतिबद्धता जनाए । सालझण्डी दुग्ध उत्पादक सहकारीले आफ्नै दाना उद्योग सञ्चालन गरेर किसानलाई दाना दिँदै आएको छ । यस्तै किसानबाट खरिद गरेको दुध बिक्री नहुँदा घिउ, पनीर, कुराउनीलगायतका परिकार उत्पादन गरी बिक्री गर्दै आएको छ । तर ती दूधका परिकार बिक्री वितरणमा बजारीकरणमा सरकारबाट सहयोग नभएको संस्थाको गुनासो छ ।

सैनामैनामा "उज्यालो थारू गाउँ" अभियान

अनिता चौधरी

सैनामैना

दशकअघि थारू गाउँका बस्तीहरुमा विशेषगरी माटो र खपडाले छाएको घर हुन्थे । उसको अगाडि सडकसँगै गाइवस्तु बाध्ने गोठ पनि । बाटो नै साँघुरो हुनेगरि गाइवस्तु बाध्दा छेउछाउ हिलाम्मे, दुर्गन्धित एवम् सडक दुर्घटना हुने सम्मको जोखिम मोल्नुपर्दथ्यो । रुपन्देहीको साविक पर्रोहा, दूधराक्ष र सालझण्डीका भित्री बस्तीमा थारू जातिको बाहुल्यता परापूर्वकालदेखि नै छ । पूर्व पश्चिम राजमार्गको सडकबाट नजिकै रहेका थारू गाउँ पनि सडक पूर्वाधार विकासको दृष्टिले निकै पछि थियो । तर, पछिल्लो समय साविकका गाविसअन्तर्गत सैनामैना नगरपालिकाका थारू गाउँका बस्तीहरुको मुहार फेरिएको छ । किनकि "उज्यालो थारू गाउँ" नामक अभियान नै सुरु भएको छ । स्थानीय तहको निर्वाचन २०७९ मा नगरपालिकाको मेयरको रुपमा फणेन्द्रप्रसाद शर्मा नेतृत्वको स्थानिय सरकार निर्वाचित भएर आएपछि पुराना र पछाडि परेका थारू गाउँको उत्थान र विकासका निम्ति शर्माले यो योजना अगाडि बढाएका हुन् ।

पुरानो थारू बस्तीको रुपमा चिनिएको सैनामैना-४ लेडुवाका ७६ वर्षीय जगनारायण थारूको घरमा अहिले पनि ४ वटा भैंसी छन् । फिल्ड भिजिटमा भैंसी चराउँदै भेटिएका थारूले लामोसमयसम्म घरकै अगाडि गाइवस्तु बाँध्ने गरेको सुनाए । उनले भने –"पहिले पहिले घरकै अघि गोठ, घाँस–पराल काट्ने छाटी, गडासा मेसिन, धानका भकारी, गुइठा राखिन्थ्यो, तर अहिले विकासले कोल्टे फेऱ्यो, वर्षायाममा घुँडासम्म हिलो हुने बाटो अहिले व्यवस्थित भए ।" वर्षे झरी पर्दा बाटोमा हिलो भाँसिएर हिड्न सकस हुन्थ्यो भने हिउँदमा धुलैधुलो हुने बाटो अहिले चिल्ला पक्की बने । बाटो निर्माणसँगै गाउँका स्थानीयलाई हिँडडुल गर्न सहज भएको बताउँछन् ।

जगनारायणले भने जस्तै सैनामैनाका थारू बस्ती परिवर्तनका लागि आर्थिक वर्ष २०७९/०८० देखि उज्यालो थारू गाउँ नामक अभियान सुरु भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको नीति तथा कार्यक्रमबाट कूल १ करोड १४ लाख ६३ हजार ४ सय ३६ दशमलव २३ रुपैयाँको लागत अनुमान गरि निर्माण कार्य सुरु गरेको थियो । नगरपालिकाले ५ ओटा पुराना थारू सैनामैना वडा-१ को पर्रोहा थारू गाउँ, वडा-५ बुद्धनगरको पकलभेडवा, वडा-८ को भड्छा र वडा-११ को ताली विर्थीवापूर थारू गाउँलाई पहिलो चरणमा उज्यालो गाउँ अभियानअन्तर्गत विकास निर्माणको काम भएको हो ।

कक्षपति बिल्डर्स प्राइभेट लिमिटेड टोखा-१० काठमाडौंले ८३ लाख ६३ हजार ८ सय ११ दशमलव ८२ रुपैयाँमा ठेक्का सम्झौता गरि काम अगाडि बढाएको हो । जसमा ८३ लाख १२ हजार ४ सय १८ दशमलव ८६ रुपैयाँ कुल खर्च गरि सैनामैनाका पाँच वटा थारू गाउँको मुहार फेरिएको छ ।

जिजुबुवा हजुरबुवा भन्दा पहिलेदेखि नै लखनपारा गाउँ थारू बस्तीका रुपमा विकास भएको ६५ वर्षीय दसीया थारू बताउँछिन् । तराईमा पहिला थारूहरुकै मात्र बसोबास सदियौंदेखि रहिआएको बुढापाकाबाट सुनेको हो, दसीया भन्छिन्– "यहाँका पुरानो थारू गाउँ हरेक हिसाबले पछाडि नै थियो, खानेपानी, बाटोघाटो, बिजुलीबत्ती लगायतका विकासमा पछि परेको गाउँको उचित संरक्षणको अभावमै ओझेलमा पर्ने गर्थ्यो, तर अहिले स्थानीय सरकारले थारू गाउँलाई विकास र संरक्षण गर्न चलाएको अभियान सकारात्मक छ ।"

लेडुवा गाउँका २५ वर्षीया मीना कुमारी थारूले गाउँमा सडक र बत्ती आएपछि गाउँलेको जीवनशैली नै बदलिएको बताउँछिन् । बजारभन्दा थारू बस्तीको बसाई अलि टाढा नै हुँदा यहाँका नागरिक हरेक हिसाबले पछि नै थिए । उनले भनिन्–"पहिला यहाँका गाउँको बाटो कच्ची थिए, बाटोमा वरिपरि गोरु, भैंसी बाध्ने चलन पनि । वस्तुभाउँबाट उत्सर्जित मलमूत्रले फोहोर हुन्थ्यो भने बाटो हिँड्ने मान्छेलाई गोरुले हान्ने डर । कहिलेकाँही त बाटोमा बाँधिएको गोरु भैंसीले हानेर सामान्य घाइते समेत बने, तर पछिल्लो समय नगरपालिकाका जनप्रतिनिधिले देखाएको सक्रियताले गाउँको कच्ची बाटो सडक बन्यो, नाली निर्माण भयो, घर-घर अगाडि उज्यालो बत्ती बले । जसले गर्दा यहाँका नागरिकले स्थानीय सरकार भएको महसुस गरेका छन् । पहिला फोहोर हुने बाटो आज गाउँले सामूहिक रुपमै सरसफाईमा ध्यान दिने गरेका छन् जसले चेतनाको स्तर पनि बढाएको छ ।"

उनी मात्र हैनन्, सैनामैना-५ बुद्धनगरको पकलभेडा गाउँका रोगाही थारूले पनि गाउँमा ठूलो परिवर्तन आएको बताए । थारूले जीवन चलाउन धेरै समय हलवा चरुवा, मेला मजदुरी, गाईभैंसी र भेडाबाख्राको गोठालो गरेरै बिताए । उतिबेला उनले भोगेका कैयौं अनुभव अहिले आफैंलाई नयाँ लाग्छ ।

» बाँकी ३ पेजमा

प्रतापपुर गाउँपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिककै स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनीको साप्ताहिक कोसेली

पाहुर

२०८१ पौष २०, गते शनिबार

तपाईंका लागि...

बिट्विन द लाइन्स्...

खबर आएन
र, म रातभरि बेचैन भएँ
खबर आएपछि
म दिनभरि हैरान छु।

विक्रम सुब्बा

गजल बहस

गजल, स्वतन्त्र गजल र चारु

डा. देवी पन्थी

गजल नेपाली साहित्य लगायत विश्वका प्रायः सबै भाषामा लेखिने लोकप्रिय विधा हो। अन्य विधाका सबै भाषामा आआफ्ना नाम छन् तर गजलमात्र यस्तो विधा हो जसलाई संसारका सबै भाषामा गजल कै नामले पुकारिन्छ। एउटा गजल कुनै एउटा निश्चित सूत्रमा अर्थात् गणितीय शैलीमा लेखिन्छ वा कहिन्छ। यस्तो सूत्रलाई बहरका अर्कान भनिन्छ। गजलका सबै मिसरा (पंक्ति) एउटै सूत्र वा लयमा रचिन्छन् (जस्तैः १२२/१२२/१२२/१२२)। यो लय वा बहरको नाम मुतकारिब मुसम्मन सालिम हो। यस्ता पचासभन्दा बढी सूत्र फारसी विद्वानले बनाएका छन्।

स्वतन्त्र गजल(आजाद गजल) जे मन लाग्यो त्यही बेबहर लेखिन्छ भन्नेभ्रम चौतर्फी छ। जान्नैपर्ने कुरा के हो भने स्वतन्त्र गजल पनि बहरमै लेखिन्छ तर स्वतन्त्र गजलका पंक्ति विषम अर्कानमा हुन्छन्। जस्तै :

तिमीले मलाई भन्यौ या भनेनौ
लिएको स्यैयौं गन्यौ या गनेनौ

यो गजल मुतकारिब मुसम्मन सालिम बहर अर्थात् १२२/१२२/१२२/१२२ को अर्कान या सूत्रमा छ। यसका दुवै पंक्तिमा बराबर लय या अर्कान छन्। यो गजल हो)

अब स्वतन्त्र गजलमा हेरौं :

तिमीले मलाई भन्यौ या भनेनौ
स्यैयौं गन्यौ या गनेनौ

यो स्वतन्त्र गजलमा पहिलो पंक्तिमा अर्कान चारपटक दोहोरिएको छ भने दोस्रो पंक्तिमा तीनपटक मात्र दोहोरिएको छ। तसर्थ स्वतन्त्र गजल पनि आखिर बहर मै हुन्छ। बेबहर अर्थात् छन्द या कुनै लय या स्वतन्त्र भए त्यो चारु हुन्छ।

गजल लेख्न गाह्रो छ तर चारु लेख्न सजिलो छ। स्वाद दुवैको लगभग एउटै हो। गजल र चारु बुझाइको यो पहिलो पाइला हो।

पत्रपत्रिकामा प्रकाशन हेतु सम्प्रेषण भएका गजल हुन् या चारु ? यसको पहिचान सम्पादकले गर्न सकेनन् भने पाठक बीच या युवा पुस्तामा गलत सम्प्रेषण हुन्छ र यस्तो गलत सन्देश विष बराबर हुन्छ। यो दोषबाट बच्न सम्पादकले साहित्यिक पृष्ठका लागि विज्ञको सहयोग या आफू मातहत विधाको सिद्धान्त बुझ्ने सहयोगी राख्न जरुरी हुन्छ। त्यस्तै खेलकुद , कला, राशिफल आदिका लागि पनि विज्ञ चाहिन्छन्।

फेरि बहरमा छ भन्दैमा जबर्जस्ती बहरका अर्कान मिलाउँदैमा गजल बन्दैन। व्याकरण, वचन, उला र सानी बीच तारतम्य मिलेको, अर्थपूर्ण , भावपूर्ण र कलाले भरिएको वक्रोक्तिको प्रयोग हुन अनिवार्य छ। त्यसैले बहर मिल्यो भन्दैमा कृपया मख्ख नपरौं। बहरत गजल सिकाइको प्रथम पाइला हो।

चारुले बाटो बिराएर घोर जंगलभित्र हराएर अलमलमा परेको नेपाली गजललाई राजमार्गमा ल्याउने कोसिस गरेको छ। परेड खेलाउन त बाँकी नै छ। नेपालमा खास गजलकार जन्माउन चारुलाई अझै कैयौं वर्ष लाग्न सक्छ। साँचो बोल्ने हो भने १३८ वर्षको अवधिमा (अहिलेसम्म) गणना गर्दा नेपालमा हातका औंलामा पुग्ने गजलकार पनि जन्मेका छैनन्। नेपाली गजलमा अझै गजलका अनिवार्य तत्व वक्रोक्ति , अन्दाजे बयाँ, चमत्कार , तगज्जुल, कहख्युल आदि प्रारम्भिक चरणमा छन्। व्याकरणीय शुद्धताको शुरुआत मात्र भएको छ। खास गजल एक घण्टा, एकदिन, एकहप्तामा लेख्न या कहन सकिदैन। खास गजल लेख्न महिनाभरको ठूलो तपस्या वा रियाज(साधना) चाहिन्छ। तपाईं गजल सिक्नै चाहनुहुन्छ भने आजै बजार गएर गजल सिद्धान्तका दुईचार पुस्तक, केही व्याकरणका आधिकारिक पुस्तक र यी चार भाषाका शब्दकोश (नेपाली, हिन्दी, संस्कृत र उर्दु) किनेर ल्याउनुहोस् र कम्मर कसेर पढ्नुहोस् .... र आफैं आफूलाई जाँच्नुहोस्। एउटा पोख्त चारुकार मात्र गजलको शिशु कक्षामा भर्ना हुनसक्छ अर्थात् गजल पाठशालामा नाम लेखाउने हैसियतको छात्र हुनसक्छ। पानीमा पकाएको चामललाई खिर र बेबहर रचनालाई गजल भन्नु उस्तै उस्तै हो। खिर त दुधमा पकाउनुपर्छ। अर्थात् गजल हुन बहर अनिवार्य छ। यो अन्तर्राष्ट्रिय नियम हो। नेपाली गजलको के कुरा गरौं, हिन्दी गजलमा समेत शास्त्रीय अर्थात् स्वादवती अन्दाज क्रमशः लोप हुँदै गइरहेको छ। हिजो गजल घरेलु घिउमा पकाएर चिनीको चास्नीमा डुबाएको जुलेबी जस्तै स्वादिष्ट थियो भने आजको गजल तार्पिनको तेलमा पकाएर नुनको चास्नीमा डुबाएको जुलेबी जस्तो छ। उर्दु शब्दको गहिराई , अन्दाजे बयाँ र वक्रोक्तिको अभाव यसको मुख्य कारण हुनसक्छ। केवल अनुप्रासयुक्त काफिया र रदिफ मिल्दैमा गजल पूर्ण हुन सक्दैन, अहिले त्यस्तै बनाइएको छ। हिजोका गजलमा प्रणय र वियोगको प्राचुर्यता थियो भने आजका गजलमा राजनीति , गालीगलौज र सस्ता विषय छन्। गजल शब्दको अर्थ र परिभाषाबाट हटेर लेखिएको गजल यथार्थमा गजल होइन त्यो त चारु, राग विराग हो। हिन्दी गजलका नायक गालिब र दुष्यन्त कुमारलाई पढ्नेले यो कुरा बुझ्छन्। नेपाली गजलका पिता मोतीराम भट्टलाई पढ्नेले यो कुराको महसुस गर्न सक्छ। मोतीराम भट्टले गजल बहरममा भित्र्याएका थिए। पछि झण्डै उपेन्द्रबहादुर जिगरका पालादेखि बहर छोड्न शुरु भयो, अर्थात् चारु लेख्न शुरु गरियो। बेबहर 'गजल' को कुनै नाम थिएन त्यसैले अहिले यसको नामकरण गरिएको हो।

हिन्दीको तुलनामा नेपाली भाषाको बनावट गजल सुहाउँदो छैन, यो त पद्य कविता, गीत र चारुको संरचना सुहाउँदो छ। खासमा मोतीराम भट्ट र उपेन्द्रबहादुरजिगर पछिका हामी मध्ये कसैले पनि गजलको फेलेवर अर्थात् स्वाद र सुगन्ध पस्किन सकेका छैनौं। कोसिस भने नभएको होइन। डा घनश्याम न्यौपाने परिश्रमी , कृष्णहरि बराल, स्वर्ण शिखा, डा. देवी पन्थी, भोजराज पिंभिरे, स्पन्दन विनोद, आवाज शर्मा आदिका कलमले पनि कोमल तथा कटाक्षपूर्ण शब्दको अभावमा पूर्ण सफलता प्राप्तगर्न सकिरहेका छैनन्।अर्कोतर्फ नेपाली साहित्यको शिखर संस्था नेपाल प्रज्ञा प्रतिष्ठान गजल शब्दको बुझाइबाट धेरै टाढा छ। यसले १३९ वर्ष भैसक्दासम्म गजलका प्राविधिक शब्द काफिया , रदिफ , मतला, मक्ता,शेर, उला सानीलाई नत अर्थ खुल्नेगरी शब्दकोशमा अन्तर्भुक्त गरेको छ न गजलको सही परिभाषा नै समावेश गरेको छ। गजललाई एक प्रकारको कविता भनेर उम्केको स्थिति छ। बेबहरका चारुलाई (आफैंले २०७६ साल भदौ १५-१७ गते राष्ट्रिय गजल महोत्सवमा बनाएको नियम उल्लङ्घन गर्दै) गजल भनेर आफैंले आयोजना गरेका गजल महोत्सवमा वाचन गराएको हामीले देखिरहेका छौं।

चारुले गजलमा प्रयोग हुने प्राविधिक शब्दको नेपाली नामकरण यसप्रकार गरेको छ अहिले यो न्यूनीकरणको दिशामा छ।

गजलमा प्रयोग गरिने सबै प्राविधिक शब्द (गजल ,बहर,मतला, उला, सानी, मक्ता , काफिया, रदिफ, शेर आदि) फारसी शब्द हुन्। यी शब्द नेपाली, संस्कृत, हिन्दी शब्दकोशमा छैनन्। चारु विधामा यी प्राविधिक शब्दलाई क्रमशः यसरी नामकरण गरिएको छः

गजल = चारु,
बहर= छन्द,
मतला= प्रारम्भ ,
उला= ऐना ,
सानी= प्रतिबिम्ब ,
मक्ता= शेष ,
काफिया= आदिअनुप्रास,
रदिफ= अन्त्यानुप्रास, शेष
शेर= थुम्रा

गजल शब्दको सम्बन्ध निशर्त सिधै फारसी , उर्दु शब्द र संगीतसँग छ भने चारु गायनका हिसाबले स्वतन्त्र या ऐच्छिक हुनुका साथै नेपाली, हिन्दी, संस्कृत भाषा मैत्री छ।

गजल स्त्रिलिंग शब्द हो भने चारु उभयलिंग शब्द हो।

समग्रमा, चारुले देवनागरी लिपिमा लेखिने नेपाली, हिन्दी, संस्कृत लगायतका भाषा , लय,भाका र छन्दको सम्मान र संरक्षण गरेको छ। यस बाहेक चारुले अन्य राष्ट्रिय भाषा नेपाल (नेवारी), लिम्बु, राई , मगर, देउडा, खस , मैथिली , अवधि , भोजपुरी भाषाका शब्दलाई चारुमा प्रयोग गरेर ती भाषाको सम्मान गर्दै नेपाली भाषाको शब्द भण्डार वृद्धि गर्ने र पर्यायवाची शब्दको भण्डारमा नयाँ शब्द थप्ने लक्ष लिएको छ। तसर्थ नेपाली साहित्यको श्रीवृद्धिका निम्ति गजलको तुलनामा चारु नेपाली वाङ्मय मैत्री छ।

केहीबेर इतिहास तर्फ फर्कौं। पश्चिमा नारीहरू स्वतन्त्र भएको सन १९५० पछि मात्र हो। हिन्दु संस्कृतिमा नारीहरू वैदिक काल(१५०० इपू देखि ६०० इपू सम्म) मा पूर्ण शिक्षित र सभ्य भैसकेका थिए। वेदका कैयौं ऋचा नारीले सृजना गरेका हुन् भन्ने इतिहास जिवितै छ।

नेपाली समाज हिन्दु धर्म वा आर्य संस्कृतिमा आधारित समाज हो। हिन्दु धर्म बौद्ध र किरात धर्मको मिश्रण पनि हो। यस्तो समाजमा परिवारको मूली धेरैजसो पुरुषहरू हुने गर्दछन्। हिन्दु धर्मको प्रमुख आधिकारिक ग्रन्थ वेदमा महिलाहरूलाई भेदभाव हुने किसिमको कुनै कुरा उल्लेख गरिएको पाईदैन। वैदिक कालमा महिलाहरूलाई पुरुषसरह समान अधिकार प्राप्त थियो। उतिबेलाको समाजमा वेदविज्ञ महिलाहरूलाई ब्रह्मवादिनी भनिन्थ्यो। गार्गी, मैत्रेयी, अश्वपाला आदि वैदिक कालका प्रसिद्ध ब्रह्मवादिनीहरू थिए। वेदमा उल्लेख गरिए अनुसार 'यत्र नार्य सु-पुज्यन्ते, रमन्ते तत्र देवता' अर्थात् जहाँ नारीहरूको पूजा हुन्छ, त्यहाँ देवताहरू पनि रमाउँछन् भनेर शास्त्रहरूले पनि नारीको महिमा गाएका छन् तर मध्ययुगमा सामन्ती प्रथाको उद्भव भएसँगै जसरी छुवाछुत प्रथाको सुरुवात भयो, त्यसैगरी नारीप्रति पनि विभेद गर्न थालियो। धर्मशास्त्रको गलत व्याख्या गरी महिलाहरू प्रति भेदभाव गरिएको परम्परा मध्ययुगदेखि चलिआएको पाइन्छ।

मुस्लिम संस्कृतिमा भर्खर नारी स्वतन्त्रताको प्रारम्भ भएको छ। गजल, मुस्लिम संस्कृतिको जगमा उभिएको झण्डै १७०० वर्ष पुरानो काव्य विधा हो। त्यतिबेला मुस्लिम संस्कृतिमा नारी स्वतन्त्रताको कल्पना समेत गरिएको थिए। त्यसैले गजलमा नारीलाई बन्धनमा पार्ने शेर(श्लोक) रचेर पुरुष जाति शेर (tiger) भएका थिए।

अब पुरुषले नारीलाई होच्याएर शेर बन्ने जमाना गए। गजल (नारीसँग पुरुषले गर्ने प्रणयका कुरा) सँगसँगै चारुले पुरुषसँग नारीद्वारा प्रणयका कुरा विद्रोहका स्वर ओकल्दै काव्य बजारमा आफ्नो दह्रो उपस्थिति जनाइसकेको छ। गजल स्त्रीलिङ्गी शब्द हो भने चारु पुलिङ्ग र आवश्यक परेको ठाउँमा उभयलिङ्गी शब्द हो। चारु उभयलिङ्गी शब्द भएकाले कतै कतै पुरुषले आफूलाई नारी र नारीले आफूलाई पुरुष परिकल्पना गरेर पुरुषले चारु र नारीले गजल पनि लेखिरहेका छन्। नारी पुरुष समान अर्थात् नारीवादी पुरुष र पुरुषवादी नारी भएको वर्तमान युगमा यस्तो व्यवहार नसुहाउँदो मानिन्न। अर्थात् गजल पुरुषमैत्री विधा हो भने चारु नारीमैत्री विधा हो। गजलको जन्म आजभन्दा १७०० वर्ष पूर्व मुस्लिम समाजमा भएको हो। जतिबेला नारीलाइ तेस्रो-चौथो दर्जाको नागरिक मानिन्थ्यो, उनीहरूलाई पढ्ने, लेख्ने, बोल्ने, विचार व्यक्त गर्ने, आफूलाई मनपरेको प्रेमीसँग बोल्ने, हाँस्ने जस्ता अधिकार थिएनन् त्यतिबेला गजलको उत्पत्ति भयो। मुस्लिम देशमा आज पनि नारीलाई पुरुष सरह पूर्ण स्वतन्त्रता छैन।

कल्पना गरौं त्यतिबेला नारीको स्थिति कस्तो थियो होला। त्यतिबेला नारीको एकमात्र काम आफ्नो वैंस, सुन्दरता, रुप-रङ्गले पुरुषलाई सन्तुष्ट पार्नेमा सीमित थियो। राजा महाराज र सामन्तहरूले आफ्नो दरबार या महलमा भाट कविलाई पालेर राख्थे। ती कविको काम युद्ध हारेको, थाकेको, निरास भएको मातिएको या मैमत्त राजा या सामन्तलाई अक्षर या शब्दमा नारीलाइ नंगाएर खुसी पार्नु हुने गर्दथ्यो। भाट कविले प्रस्तुत गर्ने यस्तो रचनालाई गजल भनिन्थ्यो। यो परम्परा सातौं शताब्दीदेखि उन्नाइसौं शताब्दीको अन्तसम्म चल्यो। त्यसपछि यो तुलनात्मक रुपमा सभ्यबन्यो।

अहिले एक्काइसौं शताब्दीमा नारी सचेत मात्र होइन पुरुष बराबर हैसियत राख्दछन्। आफूलाई मन पर्ने नपर्ने पुरुष बारे बोल्न या निर्णय लिन सक्षम छन्। त्यसैले पुरुषलाई गजल जस्तै नारीलाइ पनि एउटा विधा चाहियो जसको माध्यमबाट आफूलाई मनपरेको वा मननपरेको प्रेमीबारे अभिव्यक्ति दिन सकुन्। यसैका निम्ति चारुको पहिलो उद्देश्य क्वाइन गरिएको हो। यसर्थ चारु नारी मैत्री विधा हो। नारीको सम्मान समाजको सम्मान हो। नारी आवाज र बेबहर गजल चारु शीर्षकमा अनुबन्ध छन्।

सातौं शताब्दीमा अरब देशमा जन्मेको गजल सात सय वर्ष पछि अर्थात् तेह्रौं शताब्दीमा हिन्दी गजलको रुपमा भारत प्रवेश गर्यो र त्यसको फेरि झण्डै सातसय वर्षपछि मात्र गजल मोतीराम भट्टमार्फत् नेपाल प्रवेश गर्‍यो। मोतीराम भट्टले भारतको बनारसबाट गजल नेपाल भित्र्याएको इतिहास छ। मोतीराम भट्ट पछि शम्भुप्रसाद ढुंगेल, उपेन्द्रबहादुर जिगर, भीमनिधि तिवारी आदिको विशेष योगदान छ। यी सबैले नारी र शृङ्गार रसको अधिकतम् प्रयोग गरेकाछन्। यिनीहरूलेको रचना काल वि सं १९४२ देखि १९९६ भएको पाइन्छ।

लगभग सत्रसय वर्ष पुरानो विधा गजलको स्वरूप र विषयवस्तुलाई समय सापेक्ष परिवर्तन, विश्लेषण र वर्गीकरण गर्ने प्रयास बेलाबेला भएतापनि यसले पूर्णता पाउन सकेको थिएन। गालिब स्वयंले मनका भावना व्यक्त गर्न गजलको विषयवस्तु(नारी) साँगुरो छ र यसको परिवर्तन आवश्यक छ भनेका छन्। ओम नीरवले उर्दु व्याकरणको गजललाई हिन्दी व्याकरणमा ढालेर "गीतिका" को प्रयोग गरेकाछन्। तर उनले समयमा सिद्धान्त बनाउन नसक्दा असफल भए। आधुनिक हिन्दी गजलका प्रणेता दुष्यन्तकुमारले गजलको विषयवस्तु नारी बाहेक समाजका अन्य समस्यालाई पनि विषयवस्तु बनाउनु पर्छ भनेर गजलको वर्गीकरण गर्ने छनक दिएका थिए, तर यस्तो विचार जन्मीरहेकै बेला सन् १९७५ मा उनको मृत्यु भयो र यो काम उनले पूरा गर्न सकेनन्। उनको मृत्युपछि गंगा नदीमा खुँै पानी बगिसक्दा समेत यो कुरामा कसैले ध्यान दिएनन्। अर्थात् भारतमा दुष्यन्त कुमार र नेपालमा उपेन्द्रबहादुरको समयदेखि चारु लेखिएको थियो तर नामकरण हुन सकेको थिएन। यिनै तथ्य प्रमाणको आधारमा २०७५ साल असार १ गतेका दिन नेपाल प्रज्ञा प्रतिष्ठानको लेखनाथ कक्षबाट सिद्धान्त सहित चारुको घोषणा गरियो। गजल जस्ता लेखिने,देखिने र पढिने बेबहरका रचनाको संरक्षण र गजल शुद्धीकरण यसको मूल उद्देश्य रहेको छ। फारसी छन्द बहरमा भए गजल र छन्द या लयमा भए चारु भन्ने कुरालाई २०७६ सालमा प्रज्ञा भवनमा सम्पन्न प्रथम राष्ट्रिय गजल महोत्सवको निर्णयले पुष्टि गरेको छ।

चारु र गजलमा रहेका विशेष भिन्नता बुँदागत रुपमा हेरौं।

चारु के हो ?

चारु संस्कृत शब्द हो। यसको अर्थ सुन्दर या मनोहर हुन्छ। चारु उभयलिंग शब्द हो भने गजल स्त्रीलिंग शब्द हो। गजल(ग+ ज+ अल)को अर्थ नारीसँग प्रणयका कुरा हुन्छ भने चारुको प्रयोगात्मक अर्थ पुरुषसँग प्रणय, सहमति र विमतिका कुरा हुन्छ। यही फराकिलो अर्थमा बेबहरका गजललाई चारु नामले परिभाषित गरिएको छ। गजलको स्वाद र फर्म्याटमा रचिएका या बेबहर लेखिएका या बहरमा लेख्ने प्रयास गरिएका तर बहर नमिलेका, बहरमा चमत्कारी शेर बन्न नसकेका या गजल बन्न नसकेका तर गहन भाव बोकेका रचनालाई सजिलोका लागि चारु भनिने छ। बहरलाई छोडेर छन्दमा लेखिएका रचना पनि चारु हुन्।

बहर र छन्दमा के फरक छ ?

बहर शब्दको उच्चारणको आधारमा र छन्द अक्षरको आधारमा निर्धारित हुन्छ। जस्तैः "असल" बहरमा अ- सल(१२) हो भने छन्दमा अ- स- ल(१११) हो। यसबाहेक बहरमा मात्रा मिलावट, मात्रा चढावट, मात्रा गिरावटका नियम पनि छन्। बहर गजलमा अनिवार्य छ तर चारुमा अनिवार्य छैन।

राग के हो ?

राग संस्कृत शब्द हो। कुनै वस्तु,स्थान या व्यक्ति प्रति व्यक्त पवित्र प्रेम, मोह,स्नेह, लगाव राग हो। गजल र चारुमा व्यक्त प्रेम यौनाकांक्षी प्रेम हो भने रागमा व्यक्त प्रेम पवित्र प्रेम हो। मातापिता,दाजु-भाइ-दिदी बैनी, गुरु शिष्य, मित्र आदि बीच र जेष्ठ नागरिक, मातृभूमि, ईश्वर आदि प्रति व्यक्त प्रेम, स्नेह, श्रद्धा, श्रद्धाञ्जली आदि राग हो।

विराग के हो?

विरागमा व्यंग्यका साथै सामाजिक विकृति ,विसंगती,वेथिति , असन्तुष्टि,युद्ध ,हिंसा, विद्रोह , भ्रष्टाचार , बलात्कार , आन्दोलन, अन्याय अत्याचार आदि विषयवस्तुले प्राथमिक स्थान पाउँछन्।

रागविराग

चारु, राग र विरागको मिश्रण रागविराग हो। विभिन्न थुम्रा या शेरमा अलगअलग विषयवस्तु समाविष्ट भएको भए रागविराग हो। यो साहित्यको मिश्रणवाद सिद्धान्तमा आधारित छ।

चारु, राग, विराग र रागविरागलाई एउटै शब्दमा सजिलोका लागि चारु भन्दा हुन्छ। जसरी प्रारम्भमा गजलको वर्गीकरण गरेर मुसलसल गजल या गैर मुसलसल गजल, आजाद या स्वतन्त्र गजल भनिएको थियो त्यसरी नै चारुलाई राग, विराग या रागविरागमा वर्गीकरण गरिएको छ। गजलमा मुसलसल या गैर मुसलसल के हो भनेर छुट्याए जस्तै चारुमा राग, विराग, रागविराग के हो छुट्याउने काम समालोचकको हुने छ। सर्जकले चारु लेखे पुग्ने छ। स्मरण रहोस् आजाद गजल र स्वतन्त्र गजल पनि बहरमै कहिन्छन्।

चारु र गजलमा फरक

१. गजल अनिवार्य बहरमा (फारसी छन्द/लय) मा कहिन्छ भने चारु हाम्रो आफ्नै छन्द, लय, भाकामा(संस्कृत, नेपाली, हिन्दीमा प्रयोग हुने) लेखिन्छ, पढिन्छ र गाइन्छ।

२. गजलमा प्रयोग गरिने सबै प्राविधिक शब्द (गजल ,बहर,मतला, उला, सानी, मक्ता, काफिया, रदिफ, शेर आदि) फारसी शब्द हुन्। यी शब्द नेपाली , संस्कृत , हिन्दी शब्दकोशमा छैनन्। चारु विधामा यी प्राविधिक शब्दलाई क्रमशः गजल = चारु, बहर= छन्द, मतला= प्रारम्भ, उला= ऐना, सानी= प्रतिबिम्ब, मक्ता= शेष, काफिया= आदिअनुप्रास, रदिफ= अन्त्यानुप्रास , शेर= थुम्रा नामकरण गरिएको छ।

३. गजल शब्दको सम्बन्ध निशर्त सिधै संगीतसँग छ भने चारु गायनका हिसाबले स्वतन्त्र या ऐच्छिक छ।

५. गजल स्त्रिलिंग शब्द हो भने चारु उभयलिंग शब्द हो।

चारु छन्द के हो ?

वेदमा भनिए जस्तै हरेक पंक्तिमा अक्षर संख्या बराबर हुनु पनि एक प्रकारको छन्द हो। यो छन्दलाई चारु छन्द नामकरण गरिएको छ। छन्द या बहरमा आधा अक्षर गणना हुँदैन। कुनै पंक्तिमा आधा अक्षर बढी र कुनै पंक्तिमा आधा अक्षर थोरै या शून्य हुनेहुँदा चारु छन्दमा कुनै पंक्तिमा एक अक्षर घटीबढी भएकोलाई दोष मानिने छैन।

(पन्थीको फेसबुकबाट साभार)

गजललाई सास फेर्न देऊ

भूपिन

शैलीमा जब कड्डा सिद्धान्तको अनावश्यक घुसपैठ र एकरसताको छुरी चल्छ, सिर्जनामा गुणवत्ताको निर्मम हत्या हुन्छ। शैली सिर्जनाको व्यापक क्षितिज हो, जसको मूलजरा सर्जकको मौलिक स्वभाव, नविनता र प्रयोगशिलताको चाहनामा अडिएको हुन्छ। घनश्याम न्यौपाने परिश्रमीको नक्कल गरेर कोही अरू आफू बन्न सक्दैन, ऊ गजलमा महत्वपूर्ण योगदान दिएका परिश्रमीको कपीक्याट मात्र बन्छ। निजत्वपूर्ण शैलीको विराट क्षितिजलाई पक्रिन कुनै कठोर शास्त्र र प्रशिक्षणले सम्भव छैन। शास्त्रको दण्डले कर्मकाण्ड चल्छ, सिर्जना चल्दैन। क्षितिजलाई खुम्च्याउने या अझ फैलाउने लेखकिय स्वतन्त्रताको कुरा भयो।

पोस्ट राइटिङ नेपालले स्कुममा मलाई कविताको प्रशिक्षण दिनका लागि अनुरोध गर्दा मैले आयोजकलाई स्पष्ट भनेको थिएँ, म कवितावारे मेरा विचार, सिर्जनप्रक्रिया र अनुभव भन्न सक्छु, प्रशिक्षण दिन सक्दिन। गम्भीर अभ्यास, गहिरो अध्ययन र स्वभावबाट मात्र काव्यिक उच्चता प्राप्त हुनसक्छ भन्ने मान्यता राख्ने मलाई काव्यको प्रशिक्षण हुन्छ भन्ने कुरामा खासै विश्वास लाग्दैन।

सहिष्णुता र करुणामा विश्वास गर्छु। पछिल्लो समय गजलको विषयलाई लिएर साहित्यिक वृत्तमा जुन प्रदुषण फैलाइएको छ, यसलाई मैले साठी सालमा महसुस गरिसकेको थिएँ। म पनि लेख्थें गजल तर केही गजलकार साथीहरू गजलबाहेकका अन्य विधालाई सिर्जना नै गन्दैनथे। अन्य विधा पढ्दैनथे। नेपालमा यस्ता गजलकार पनि थिए जसले आफूलाई तालीका लागि गजलको 'छापामार र योद्धा हुँ' भन्थे। एउटा गतिलो शेर रच्न नसकेका बहरवादी गजलकार ठुक्रन्थे, 'गजल बिग्रे कविता हुन्छ, कविता सप्रेर पनि गजल बन्न सक्दैन।' आआफ्नो सहरलाई गजलको राजधानी भनेर दावी गर्नु गजलगोहरूको स्वभाव बनिसकेको थियो।

उनीहरूसँग मेरा वैचारिक विमति थिए। म चाहन्थें, हरेक सहरमा साहित्यका हरेक विधाले सास फेर्ने र फैलिने स्वस्थ पर्यावरण निर्माण हुनु पर्छ। बहुलकेन्द्रहरूको समयमा राजधानीको सोच घोर सामन्तवादी र पश्चगामी सोच हो। गुणवत्ता प्रमुख कुरा हो, अरू तपसिलको कुरा। अहिले हेर्छु, गजल मात्र साहित्य हो भन्ने ती प्यारा भाइ बहिनीहरू या त सिर्जनाको क्षेत्रबाटै हराएर गए वा उनीहरूबाट हुनसक्ने सम्भावित बलियो सिर्जना आउन सकेन। उनीहरू गजल मात्रै साहित्य हो भन्ने भ्रमको संसारबाट बाहिर निस्कन सकेको भए राम्रो आख्यानकार, नाटककार, निबन्धकार वा कवि बन्नसक्थे। विधागत उग्रता, अग्रजहरूको सतही विश्लेषणप्रतिको कमजोर आलोचनात्मक चेतना, कमजोर अध्ययन र अरू विधालाई नगन्ने संङ्कीर्ण सोचले उनीहरूलाई पलायनको मार्गमा धकेलीदियो। सम्भावनासहित उदाएका दर्जनौं युवा युवती कति छिट्टै फ्रस्टेड भए। अत्यन्त दुख लाग्छ।

अग्रजहरूले आफ्नो अस्तित्वको पसल चलाउने कथा रच्दा उनीहरू पुनर्भै पिसिए। यस्तो सम्भावना २०६२ सालमै महसुस गरेर हामीले अक्षर समूहको स्थापना गरेका थियौं र भनेका थियौं, साहित्यमा गुणवत्ता नै लेखकको प्राथमिकता हुनु पर्छ।

» बाँकी ३ पेजमा

पोखरेली गजलप्रेमी समूह, पोखरा

गजल घोषणापत्र-२०८१

(मानक गजलको खोजी गर्ने क्रम नेपाली साहित्यमा केही समयदेखि विवाद देखिएको छ। यो विवादका दुई पक्ष छन्। एकथरी, गजल भनेको उर्दु साहित्यबाट आएको हुनाले जस्तो आएको त्यस्तै शैलीमा 'बहर' मै लेखिएको मात्र गजल हुने र 'बहर' नभएको गजललाई गजल विधामा राख्न नहुने तर्क गर्छन्। अर्कोथरी, गजल बहर बिना स्वतन्त्र ढंगले पनि लेख्न सकिनेमा जोड दिन्छन्। यो विवादका बीचमा पोखरामा गजलप्रेमीहरूले यही पुस १५ गते अन्तरक्रिया कार्यक्रम गरेर 'गजल घोषणापत्र-२०८१' जारी गरेका छन्। उक्त घोषणापत्रमा साहित्यकार सरुभक्त, तीर्थ श्रेष्ठ, प्राञ्जल, सरस्वती श्रेष्ठ 'सरु', दीपक पराजुली, ध्रुव विपश्वी, लगायतले हस्ताक्षर गरेका छन्। उक्त घोषणापत्रको पूर्ण पाठ यहाँ प्रकाशित गरिएको छ।)

सिर्जनधर्मिता र रचनात्मक वादविवाद एवम् संवादले साहित्य समृद्ध बन्छ। केही समययता सामाजिक सञ्जाललगायत विभिन्न माध्यममा नेपाली गजलको सहअस्तित्वयुक्त विकासक्रमलाई प्रहार गरी अराजकता सिर्जना गर्ने, अशिष्ट भाषाशैलीमा भिन्न मतका गजलकारहरूलाई होच्याई आफूलाई 'गजलको आधिकारिक पण्डित हुँ' भनी ठान्ने र गजल लेखनमा लागेकाहरूलाई भ्रमित पारी निहीत स्वार्थ सिद्ध गर्न खोज्ने थोरै सङ्ख्याका व्यक्तिहरूले गजल शुद्धीकरणका नाममा गालीगलौज गरिरहेको हुनाले सबैलाई सचेत र सजग पार्न हामी पोखरेली गजलप्रेमीहरूको समूहले गजलसम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरी बुँदागत रुपमा यो गजल घोषणापत्र-२०८१ जारी गरेका छौं।

१. नेपाली साहित्यको कवितामा लोक छन्द, शास्त्रीय छन्दोवद्ध कविता लेखन परम्परा झैं नेपाली गजलमा बहरबद्ध गजल लेखन परम्पराको संरक्षण र विकास हुनुपर्छ भन्ने कुरामा हामी विश्वस्त छौं।

२. तिसको दशकदेखि नेपाली गजल लेखनमा भित्रिएको स्वतन्त्र लयविधानयुक्त गजल लेखनको नवीन परम्परा, जसले सुस्ताएको गजल लेखनलाई पुनरुत्थान गरी यस अवस्थासम्म ल्याइपुर्‍याउन ठूलो भूमिका खेलेको छ, जुन अहिले नेपाली गजलकारहरूबिच लोकप्रिय रहेको छ, को निरन्तर विकास हुनुपर्छ भन्ने कुरामा हामी विश्वस्त छौं।

३. नवीन शिल्पशैली, विषय र चिन्तनहरू भित्रिरहनुले साहित्यलाई स्वस्थ र समृद्ध बनाउँछन्। प्राचीन छन्दहरूको लयविधानबाट मुक्त भई विश्वव्यापी रूपमा गद्य कविताको विकास भए झैं गजलको बहर अर्थात् प्राचीन लयविधानबाट मुक्त भई स्वतन्त्र लयविधानयुक्त गजलको विकास हुनु एक स्वाभाविक विकास प्रक्रिया हो भन्ने कुरामा हामी विश्वस्त छौं।

४. केही व्यक्तिहरूले नेपाली गजल लेखनमा अनावश्यक विवाद उत्पन्न गरी, अराजकताको सिर्जना गरी गजललाई शुद्ध पार्ने नाममा आफ्नो स्वार्थ सिद्ध गर्दै बहरमा नलेखिएका सबै गजल गजल नभई त्यस्ता गजललाई अनेकौं 'हास्यास्पद नाम' दिई हावादारी सिद्धान्तकार बन्ने र नेपाली गजलको स्वाभाविक विकास प्रक्रियालाई विभाजन गरी विशेष गरी नवोदित गजलकारहरूलाई दिग्भ्रमित पारिहेका छन्। हामी यसको घोर भर्त्सना गर्दछौं। स्वतन्त्र रूपले गजल रचना गर्ने विश्वभरका नेपाली गजलकारहरूलाई आफूले लेखेको स्वतन्त्र लयविधानका गजललाई गजल नभई 'अरू नै केही' रहेछ भनी भ्रममा नपर्न आग्रह गर्दछौं।

५. छन्दमा नलेखी कविता हुँदैनथ्यो भने छन्दका महासाधक महाकवि लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समले गद्य शैलीमा फुटकर कविता, खण्डकाव्य, महाकाव्य रचना गर्ने थिएनन्। बहर पनि गजल लेखनको प्राचीन छन्द हो त्यसैले स्वतन्त्र रूपले गजल रचना गर्नु गद्य शैलीमा स्वतन्त्र रूपले कविता रचना गर्नु जस्तै एक स्वाभाविक विकास प्रक्रिया हो भन्ने कुरामा हामी विश्वस्त छौं। प्राचीन शास्त्रीय परम्परा मात्र ठिक र अरू बेठिक भन्ने सोच राखिएको भए विश्व साहित्य र नेपाली साहित्यमा गद्य कविता, आधुनिक नाटक, कथा, उपन्यास, निबन्ध कुनै पनि विधा जन्मने थिएनन् भन्ने यथार्थमा सबै साहित्यकार र विशेष गरी गजलकारहरूको ध्यान आकृष्ट गर्दछौं।

६. शास्त्रीय बहर र स्वनिर्मित/स्वतन्त्र लयविधान दुवै शैलीमा लेखिएका गजललाई उत्तिकै सम्मान गर्नुपर्छ र ती दुवै शैलीका गजलका आआफ्ना अस्तित्व र महत्ता छन् भन्ने कुरामा हामी विश्वास गर्दछौं।

७. यदि गजलका धेरै तत्वमध्ये एउटा तत्व 'बहर' प्रयोग नगरी गजल गजल बन्दैन भन्ने हो भने गजलका रदिफ, काफिया, मतला, मकता, मिसरा, सेर आदि अर्थात् गजलका अधिकांश तत्वहरू प्रयोग गरेर लेखिएका रचना कथित 'नयाँ विधा' कसरी बन्न सक्छ ? बहर र गैरबहरका नाममा लगाइने आक्षेप, गालीगलौज र आरोपप्रत्यारोपलाई तिलाञ्जली दिँदै नेपाली गजलको समुन्नतिको मार्गमा सहअस्तित्वमूलक ढङ्गले हामी सबै लागौं र नेपाली गजलको इतिहासलाई कुरूप पार्ने, धमिल्याउने र विभाजित पार्ने तत्वहरूदेखि सावधान हुन हामी अपिल गर्दछौं।

दर्शन

सांख्य दर्शनको ईश्वरसम्बन्धी धारणा

प्रज्ञानरत्न

ऋषि कपिलद्वारा प्रतिपादित सांख्य दर्शन नास्तिकतावादी दर्शन हो । कपिलको भनाई के छ भने ईश्वरलाई प्रमाणि मात्र गर्न नसकिने होइन, संसारमा यसको अस्तित्व नै छैन ।

सांख्य दर्शनको तर्क के छ भने संसारमा अकारण केही पनि छैन । प्रत्येक कुराको कारण छ । यदि प्रकृतिको कारण ईश्वर मान्ने हो भने कारण कार्यको सिलसिला नै टुट्न जान्छ । प्रकृतिको कारण त ईश्वर भयो, ईश्वरको कारण चाहिं के नि ? भन्ने प्रश्न खडा हुन जान्छ । अतः प्रकृतिको कारण ईश्वर हुनै सक्दैन । प्रकृति अथवा पदार्थ आफैं आफ्नो कारण हो र यो विश्व प्रकृतिको (अथवा पदार्थको) रुपमा अन्तर आउनुको परिणाम हो ।

सांख्य दर्शनको यो प्रस्थापना अत्याधुनिक विज्ञानसित मेल खान्छ र यो भौतिकवादी प्रस्थापना हो ।

सांख्य दर्शनको तर्क के छ भने यदि आस्तिकहरुले भनेजस्तै ईश्वर स्थायी र अपिवर्तनशील छन् भने त्यस्तो ईश्वर संसारको उत्पत्तिको कारण हुनै सक्दैन । किनकि, संसार त परिवर्तनशील र क्रियाशील छ । परिवर्तनशील र क्रियाशील संसारको कारण हुनका लागि ईश्वर पनि त समय क्रममा परिवर्तनशील र क्रियाशील हुनुपर्‍यो । नत्र अपरिवर्तनशील र निष्क्रिय कुरो लगातार परिवर्तनशील संसारको कसरी कारण बन्नसक्छ ? त्यसैले ईश्वर स्थायी र अपरिवर्तनशील छ पनि भन्नु र त्यो संसारको कारण हुनसक्छ । संसारको अस्तित्वको लागि, यसको सिर्जना तथा ध्वंशको लागि कुनै ईश्वरको जरुरत छैन ।

सांख्य दर्शनको यो तार्किक प्रस्थापना पनि भौतिकवादी देखिन्छ । र यो द्वन्द्वात्मक समेत देखिन्छ । किनभने यसले प्रकृतिलाई निरन्तर गतिमा अथवा परिवर्तनको प्रक्रियामा हेर्न खोजेको छ ।

सांख्य दर्शनले ईश्वर छ भन्नेहरुको कुन तर्कको पनि खण्डन गरेको छ भने प्रकृति त जड र अचेत छ, कुनै परमज्ञानी चेतनशील तत्वले बाटो नदेखाउने हो भने यस्तो जड र अचेत प्रकृति आफैं कसरी क्रमिक विकासको दिशामा जान्छ ?सांख्य दर्शनले त्यो धारणाको खण्डन गर्दै के भन्छ भने- बाटो देखाउनु भनेको एउटा क्रिया हो, क्रिया गर्नु भनेको परिवर्तनको प्रक्रिया भएर गुज्रनु हो । किनभने, प्रत्येक क्रियाले प्रत्येक वस्तु र स्थितिलाई बदल्ने कार्य गर्छ । अतः प्रकृतिको बाटो देखाउने ईश्वर हो भने त्यो ईश्वर चिरस्थायी र अपरिवर्तनशील हुनसक्दैन । जुन क्रियाले सारा वस्तु र स्थितिलाई बदल्छ त्यो क्रियाको कारण आफूचाहिं स्थिर र अपरिवर्तनशील कसरी हुन्छ ? अतः ईश्वरको अस्तित्व छैन ।

सांख्य दर्शनले अर्को तर्कको आधारमा पनि ईश्वरको अस्तित्वलाई अस्वीकार गर्छ । भनिन्छ कि ईश्वर परमज्ञानी र कल्याणकारी छन् र मानव कल्याण नै ईश्वरको एक मात्र काम हो । ईश्वरले भलो सिवाय कसैको कुभलो गर्दैनन् । सांख्य दर्शन यो तर्कको विरुद्धमा के तर्क गर्छ भने संसारमा ईश्वर छन् र उनले मान्छेको भलो र कल्याण मात्र गर्छन् भने संसारमा यति धेरै दुःख र पीडा किन छ ? किन परमज्ञानी कल्याणकारी ईश्वर मानव जातिको यति धेरै दुःख र पीडालाई खतम पार्ने काम गर्दैनन् । त्यसैले या त ईश्वर परमज्ञानी र कल्याणकारी छन् भन्ने कुरा झूठा हो, या संसारमा ईश्वर नै छैनन् । परमज्ञानी र कल्याणकारी ईश्वर अस्तित्वमा हुनु र संसार यति धेरै दुःख र वेदनामय हुनु यी दुवै एकसाथ हुनै सक्दैन । भनिन्छ कि प्रकृति र पुरुष दुवैका सृष्टिकर्ता ईश्वर हुन् । यसको पनि खण्डन गर्दै सांख्य दर्शन के भन्छ भने- यदि प्रकृति र पुरुषको सृष्टि गर्न सकिन्छ भने यसलाई नष्ट पनि गनए सकिनु पर्ने हो । किनकि, संसारमा जुन कुराको सिर्जन हुन्छ, त्यसको ध्वंश पनि हुन्छ । जुन कुराको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुन्छ । परन्तु, प्रकृतिलाई त न सिर्जना गर्न सकिन्छ, न ध्वंश नै, त्यस्तै पुरुषलाई पनि । प्रकृति र पुरुष दुवै अजन्मा छन् र अमर पनि । त्यसैले प्रकृति र पुरुष दुवै कसैको सृष्टि हुन सक्दैन र यी दुवै ईश्वरको सृष्टि पनि हुनसक्दैन ।

सांख्य दर्शनको तर्क के पनि छ भने ईश्वरलाई पूर्ण मानिन्छ र ईश्वर जे गर्छन् उद्देश्यमूलक ढंगले गर्छन् पनि भनिन्छ, यी दुवै कुरा अन्तरविरोधी छन् । यदि ईश्वर पूर्ण छन् भने उनलाई कुनै कुराको पनि अभाव छैन । अतः उनको न त कुनै इच्छा नै हुन सम्भव छ, न उद्देश्य । इच्छा र उद्देश्य त अपूर्ण प्राणीका मात्र विशेषता हुन् । यसप्रकार ईश्वर पूर्ण छन् पनि भन्नु र संसार सिर्जना गर्नुका पछाडि उनको उद्देश्य पनि छ भन्नु आपसमा बाझिने कुराहरू हुन् । यस हिसाबले पनि पूर्ण भन्ठानिएको ईश्वरको कुनै अस्तित्व छैन ।

यसप्रकार कपिलले प्रतिपादन गरेको सांख्य दर्शन बिल्कुलै नास्तिक देखिन्छ । मृत्युपछि पाइने मुक्ति र स्वर्गमा कपिल विश्वास गर्दैनन् । उनको भनाई छ– ईश्वरको प्रार्थनाबाट पनि मुक्ति मिल्दैन । मुक्ति यहीं र अहिल्यै मान्छे जीवित हुँदै प्राप्त गर्ने कुरा हो । अज्ञानता र भ्रमबाट मुक्त भयो भने मात्र मुक्ति मिल्दछ । सांख्य दर्शनको ठम्याइमा बन्धन र दुःखको मूल कारण नै अज्ञानता हो । आफूलाई भ्रम र अज्ञानबाट मुक्त गर, सत्य र आफूको बीचमा कुनै भ्रम र अज्ञानतालाई कुनै लोभ र आसक्तिलाई आउन नदेऊ, तिमी यहीं र अहिल्यै मुक्त हुन्छौ । सांख्य दर्शन यसो भन्छ । भ्रम र आसक्ति बन्धनको बाटो, सत्यको ज्ञान मुक्तिको बाटो, कुन बाटो रोज्छौ, आफैं रोज, सांख्य दर्शनको अवधारणा यस्तो छ ।

सांख्य दर्शनले मुक्तिको निम्ति विवेक ज्ञानको जरुरत छ भन्ने धारणा अघि सारेको छ । विवेक ज्ञान भनेको आफ्नो 'स्व'लाई प्रकृतिलाई बिल्कुलै अलग र स्वतन्त्र पार्नु हो । 'स्व' भनेको न त शरीर हो, न मन, न अहंकार, न बुद्धि, न प्रकृतिको कुनै उपज । समय र परिस्थिति, सुख र दुःख यी सबैबाट माथि उठेर, प्रकृतिभन्दा अलग्गै र स्वतन्त्र स्थितिमा आफूलाई उठाउनु नै विवेक ज्ञान हो । सांख्य दर्शनले पूर्ण ज्ञान त सम्भव छ भन्दछ, परन्तु नैतिक र बौद्धिक पूर्णताबाट मुक्ति मिल्दैन, अनात्मबाट आत्मालाई पूर्णतया मुक्त पार्न सकियो भने मात्र मुक्ति प्राप्त हुन्छ भन्ने सांख्य दर्शनको ठम्याइ छ । अर्थात्, मुक्ति चाहने मान्छेले आफूलाई प्रकृतिका सम्पूर्ण वस्तुहरूप्रतिको मोह वा आसक्तिबाट मुक्त पार्न सक्नुपर्छ । अनिमात्र जीवनमुक्ति मिल्दछ । अनि मात्र जीवन र मृत्युको चक्रबाट मान्छे मुक्त हुन्छ ।

मुक्ति सम्बन्धी सांख्य दर्शनको यो धारणा बुद्ध दर्शनसित मेल खान्छ ।

सांख्य दर्शनको मुक्तिसम्बन्धी यो धारणाको महत्व केमा छ भने- यसले मुक्तिको निम्ति ईश्वरको प्रार्थना गर्ने बाटो देखाउँदैन । मुर्ति-पूजा गर्ने बाटो पनि देखाउँदैन । यसले मुक्तिको निम्ति अज्ञाता र भ्रमबाट मुक्त हुनुपर्छ भन्ने ज्ञानमुखी बाटो देखाउँछ । प्राकृतिक वस्तुहरूप्रति मोह वा आसक्तिबाट मुक्त हुनुपर्छ भन्ने अनासक्तिको बाटो देखाउँछ । यो यसको राम्रो पक्ष हो । यसले मृत्यु पछिको स्वर्गमा पनि विश्वास नगर्न सिकाउँछ । यसले मान्छेलाई मुक्ति मृत्युपछि होइन, कोशिस गरे यहीं र अहिल्यै आफ्नै जीवनकालमा प्राप्त हुनसक्छ भन्ने आशावादिता जगाउँछ ।

तर सांख्य दर्शनको सीमा के हो भने यसले मुक्तिको निम्ति मान्छेहरूको सामुहिक प्रयत्नको बाटो सिकाउँदैन । सामाजिक संघर्ष र मुक्तिको बाटो सिकाउँदैन । यसले व्यक्तिगत प्रयत्न र व्यक्तिको व्यक्तिगत मुक्तिको बाटो मात्र सिकाउँछ । मार्क्सवादसित यो यस मामिलामा पटक्कै मेल खाँदैन ।

सांख्य दर्शनले प्रत्येक मान्छेलाई के भन्छ भने तिमी स्वतन्त्र होऊ, अनि मुक्त हुन्छौं । यो स्वतन्त्रता भनेको सुख र दुःखको भावनाबाट स्वतन्त्रता, जय र पराजयको भावनाबाट स्वतन्त्रता, काम, क्रोध, लोभ र मोहको भावनाबाट स्वतन्त्रता, प्रकृतिबाट आत्माको स्वतन्त्रता हो । मान्छेको शरीर जीवित हुँदै जो यी सबै भाव र आसक्तिबाट स्वतन्त्र हुन्छ, जो पूर्णरुपमा प्रकृतिबाट स्वतन्त्र हुन्छ, उसको यहीं र अहिल्यै जीवनमुक्ति हुन्छ । उसलाई मृत्युपछि 'कैवल्य' प्राप्त हुन्छ । अर्थात्, उसको अब पुनर्जन्म हुँदैन । सांख्य दर्शनले यसरी बुद्ध दर्शनले जस्तै पुनर्जन्ममा विश्वास गर्छ । यो यसको सीमा हो ।

के स्पष्ट हुनु जरुरी छ भने सांख्य दर्शन कपिलले प्रतिपादन गर्दा जस्तो भौतिकवादी र नास्तिक थियो, पछि त्यस्तो रहेन । पछिका सांख्य दर्शनका प्रतिपादनहरूले आदर्शवादसित सम्झौता गर्दै लगे । यसलाई आस्तिक दर्शन बनाउँदै लगे । उदाहरणका लागि, विज्ञान भिक्षुले लेखेको सांख्य-प्रवचन-भाष्यमा त्यहाँ उनले के तर्क पेश गरेका छन् भने- ईश्वरविना हामी प्रकृतिको क्रमिक विकासबारे व्याख्या नै गर्न सक्दैनौं ।

गौडपाद र वाचस्पति मिश्रले पनि सांख्य दर्शनको चेतना वा पुरुष उत्पत्ति सम्बन्धी धारणामा रहेको कमजोरीलाई प्रयोग गर्दै चेतनालाई प्रकृतिबाट बिल्कुलै स्वतन्त्र कुरो बनाउँदै लगे र यसरी सांख्य दर्शनलाई आदर्शवादी बनाउँदै लगे ।

परन्तु, कपिलले प्रतिपादन गरेको सांख्य दर्शन, आफ्ना सम्पूर्ण सीमाका बावजूद पूर्वको भौतिकवादी दर्शनको कोटिमा आउने दर्शन हो । यो पूर्वको दार्शनिक विकासको सगरमाथा हो ।

(मूल्यांकन मासिक २०५६ मंसिर/पुस, पूर्णाङ्क ७२ बाट साभार)

परिणाममुखी...

मन्त्रालयले कानुनी, नीतिगत र संरचनात्मक सुधारका कामहरू अगाडि बढाएको उल्लेख गर्दै मन्त्री लेखकले सोहीअनुसार कामको गुणस्तर बढाएर आनुपर्नेमा जोड दिए । "हामीसँग शान्ति सुरक्षाको गम्भीर जिम्मेवारी छ", उनले भने-"विकास, समृद्धि र लोकतन्त्रको दीर्घ जीवनका लागि शान्तिसुरक्षा हुनैपर्छ ।"

गृहसचिव गोकर्णमणि दुवाडीले नतिजा देखिनेगरी काम गर्न निर्देशन दिए । उनले सेवाप्रवाह प्रभावकारी बनाउन जोड दिँदै गुनासोरहित सेवा प्रवाहमा ध्यान दिन आवश्यक रहेको बताए । उनले विपद् व्यवस्थापनका लागि पूर्वतयारी प्रभावकारी बनाउन पनि निर्देशन दिए ।

"सार्वजनिक सम्पत्तिको संरक्षण र अतिक्रमण हटाउने विषयमा जोड दिएर लाग्नुहोस्", सचिव दुवाडीले भने-"जिम्मेवारी र दायरामा रहेर काम गर्नुपर्छ ।" भर्चुअल बैठकमा देशभरका प्रमुख जिल्लाअधिकारीसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीको सहभागिता थियो ।

सैनामैनामा...

उनले भोगेका अनुभव सुनाउँदै भने- 'यो गाउँमा पुर्खौंदेखि बस्दै आएका थारुहरुको मात्र बसाई थियो । एकैठाउँमा नजिक नजिक घर बनाएर बस्ने गर्थे थारू समुदाय । उ बेला बिजुली बत्ती हुँदैन्थ्यो, साँघुरो बाटो, वर्षायाममा पुडी पडासम्म हिलो, हिउँदमा धुलो ।' उनी विकासका कुनै पनि पूर्वाधारले नजोडिएको गाउँमा बिजुलीबत्ती र सडक पुगेकोमा खुसी छन् । गाउँमा यसरी मोटर गाडी गुड्ला, बिजुलीबत्तीले गाउँ घर झिलिमिली होला भन्ने उनले कहिल्यै कल्पना समेत गरेका थिएनन् । तर अहिले गाउँघरमै सरर गाडी गुड्दा, बिजुलीबत्तीले झिलिमिली हुँदा थारू दङ्ग छन् । विकास मात्रै होइन गाउँमै सडक गाडी, बिजुली, स्वास्थ्यचौकी, विद्यालय, र सरकारी कार्यालयलगायतका विकासका पूर्वाधार बने । विगतका दिनमा नेताहरुको ध्यान नगएको थारू गाउँमा अहिले नगरपालिकाले प्राथमिकता दिएर खुशी छु ।

पुरानो तथा ऐतिहासिक थारू गाउँको विकास तथा संरक्षण गर्ने उद्देश्यले उज्यालो गाउँ अभियान सुरु गरिएको सैनामैना नगरपालिका प्रमुख फणेन्द्रप्रसाद शर्माले बताए । उनी भन्छन्-"थारू समुदाय हरेक हिसाबले उत्पीडनमा परेको समुदाय हो । म आफू पनि थारू गाउँमा जन्मे हुर्के र थारू समुदायलाई नजिकबाट चिन्ने बुझ्ने मौका पाए । ५० वर्ष अगाडि थारू गाउँको जुन अवस्था थियो, वर्तमान अवस्थामा पनि त्यहाँ धेरै ठूलो फरक पाएन । सामाजिक र राजनीतिक जीवनमा प्रवेश गरेपछि उनीहरुको अवस्थालाई कहिले र कसरी परिवर्तन गर्न सकिएला भन्नेमा चिन्तित् थिए ।"

उनीहरुलाई शिक्षा, स्वास्थ्य रोजगार र पूर्वधारको पहुँचमा ल्याउने सपना बनाएको थियो, र सोही सपनालाई पूरा गर्ने अवसर आफू सैनामैना नगरपालिकाको प्रमुखमा निर्वाचित भएपछि पाए र मेरो पहिलो प्राथमिकता थारू समुदायको संरक्षणका लागि उज्यालो थारू गाउँ अभियान बनाएको थिए । सोही योजनाअनुरुप अहिले निर्वाचित भएको पहिलो नीति तथा कार्यक्रमबाट बजेट विनियोजन गरी पालिकाका अधिकांश थारू गाउँलाई हिलो र धुलोमुक्त बनाउन कामको सुरुवात भयो । पहिलो वर्ष पाँच थारू गाउँका कच्ची सडकबाट पक्की सडक पुर्‍याउन सफल भएका छौं, जसले नागरिकको दैनिकीमा सहजता आएको उल्लेख उनले गरे ।

नगरपालिकाको लगानीमा नगरभित्रका पुरानो थारू गाउँ पर्रोहा, लखनपारा, रन्यौरा, लेहुवा, बक्सड, पर्सावाल, खकन्पुर, पकलभेडा, दुधराक्ष, भइछा, विचौवापुर गाउँमा सडक निर्माण भएका हुन्, भने अझै केही गाउँमा पुर्‍याउनु पर्नेछ । नगरका थारू बस्तीलाई एकै पटक विकास गर्न बजेटले नपुग्दा हरेक वर्ष बजेट छुट्याएर निर्माण गर्दै आएका छौं । बाटो विकासको मुख्य आधार भएकाले यसलाई प्राथमिकतामा राखेर विस्तार गरिएको उनको भनाइ छ । उनले भौतिक पूर्वधारसँगै स्थानीय थारू समुदायको जीवनस्तर उकास्नका लागि विभिन्न कार्यक्रमहरु समेत गरिने योजना रहेको बताए ।

आर्थिक वर्ष २०८१/०८२ मा उज्यालो गाउँ कार्यक्रमका लागि कूल १ करोड २८ लाख ८८ हजार ४ सय ९५ दशमलव ८४ रुपैयाँको लागत अनुमान गरिएको थियो ।

मेससदिव कन्सट्रक्सन लुम्बिनी सौंस्कृतिकले ८८ लाख ३५ हजार ९७ रुपैयाँमा ठेक्का सम्झौता गरी ८७ लाख ७५ हजार ४ सय ३ दशमलव ८९ रुपैयाँ कुल खर्च गरी सैनामैनाका आठ वटा थारू गाउँ सैनामैना वडा-१ को पर्रोहा थारू गाउँ, वडा-३ को पर्सावल, वडा-४ को लखनपारा, वडा-५ बुद्धनगरको पकलभेडवा, वडा-६ को दधराक्ष, वडा-८ को भइछा, वडा-११ को ताली र विचौवापूर थारू गाउँमा निर्माणको काम भएको सैनामैना नगरपालिकाका इञ्जिनियर अरुण खनालले जानकारी दिए ।

यस्तै चालु आर्थिक वर्षका लागि ९९ लाख ९९ हजार ७ सय ५३ दशमलव ०२ कुल लागत अनुमान रहेको योजनामा श्री कृष्ण कन्सट्रक्सन सैनामैना-१० ले ६० लाख २९ हजार ६ सय ९५ दशमलव ६० मा ठेक्का सम्झौता गरेको छ । जसमा १० वटा थारू गाउँको पक्की बाटो, नाली निर्माण र बत्ती जडान गर्ने काम हुनेछ ।

गजललाई...

अक्षर समूहको मूल नारा 'साहित्यको सर्वाङ्गीण श्रीवृद्धीः हाम्रो प्रयत्न' को मूल दर्शन नै गुणवत्ताका लागि सबै विधाहरूलाई सहिष्णुभावले हेरौं भन्ने थियो ।

म गजलकार होइन (२०५२ सालमा प्रकाशन गर्ने भनेर तैयार गरिएको गजल सङ्ग्रहको पाण्डुलिपी अझै सुरक्षित छ ।) तर गजल पनि उत्तिकै प्रिय विधा हो । जगजीत, गुलाम अलि, चित्रा, पंकज उदास सुन्दा अनि गालिब, इकबाल, दुस्यन्त कुमार साहिर लुधियानवी देखि फिराद गोरखपुरी हुँदै गुल्जारसम्म पढ्दा नेपालमा पनि यस्ता गजल गाइए लेखिए क्या गजब हुन्थ्यो भन्ने लागिरहन्छ । दुर्भाग्य, नेपाली गजल भनभन असहिष्णु बन्दै गएर मानौं कुनै युद्धको तैयारीमा लागिरहेछ । कुटाकुट हुन मात्र बाँकि छ । यस्तो उग्रता र अन्धता वाहियात हो । सिर्जनात्मक ध्वंसको मार्ग हो । देख्छु, एकथरि काव्यको गुणवत्तामा भन्दा शब्दका गेडा गन्दै बहर बहर हुङ्क्रिरहेछन् । उनीहरू तालिबान शैलीमा परम्परा र शास्त्रको कोर्रा चलाए घुमाउरो ढङ्गले गजलको पुनर्जागरणकर्ता ज्ञानुवाकर पौडेल, बुँद राना, ललीजन रावल लगायत गजलकारलाई दुत्कारेर आफ्नो अस्तित्वको पसल चलाउने सपना देखिरहेछन् । अर्कोथरि बहरमा लेखिएको गजलमा कुनै काव्यशक्ति आउनै सक्दैन भनेर ओभर अजमेन्टल बनिरहेछन् । यी दुवै अतिवादी धारले भखेरै जुर्मुराई रहेको गजललाई अनावश्यक रुपमा विवादित बनाइरहेछन् । अतिवादमा सिर्जना कमजोर बन्छ ।

एक समय थियो, कवितामा पनि छन्द र गद्य धारको अस्वस्थ प्रतिस्पर्धा थियो । छन्द कविहरू फ्रि भर्स कवितालाई फुटेको बाँसुराबाट निस्केको धुन भन्थे । माधवप्रसाद घिमिरेले अन्तिम समयमा कान्तिपुरलाई दिएको अन्तरवार्तामा समेत विश्वले स्वीकारेको गद्य कविताको शक्तिलाई कवितै मानेनन् । तर अतिवादी मिटरवालाहरूले नमान्दैमा फितामा नाप्न नसकिने काव्यिक उचाईका पाब्लो नेरुदा, रिमाल, भूपी र बैरागी काइँलाहरू कवि नहुने होइनन् । उता माधव घिमिरेलाई गद्य कविहरूले प्रसंसा गरेकै छन् । उनी त्यसका सर्वथा लायक पनि छन् ।

मूल कुरा सहिष्णुता हो, जुन नेपाली गजलमा गायब हुँदै गैरहेछ । समकालका लागि यो घोर चिन्ताको विषय बनेको छ । यही कारण मजस्ता कतिपयलाई गजलको विषयमा बोल्न लेख्न कुनै आँगर चल्दैन ।

सुन्दर लाग्छ गजल लेख्ने बुद्धीसागर, प्रोल्लास सिन्धुलिय, अमला अधिकारी, सितल कादम्बिनीले उपन्यास लेखेको देख्दा । रावत, बाबु त्रिपाठी, प्रभाकर पण्डित लगायत गजलकारहरूले कविताकृति निकालेको देख्दा । संगीता थापा थियटरमा व्यस्त भएको देख्दा । रमेश प्रभातहरूले निबन्ध वा समालोचना लेखेको देख्दा । एक शेरले दुनिया लडाइदिन्छु भन्ने भ्रममा कैयन् गजलकारहरूले सम्भावित लेखकको स्वहत्या गरिरहेको महसुस गर्नु सुन्दर कुरा होइन । गजल काव्यको एक रुप हो । काव्यले गुणवत्ता खोज्छ, हल्ला होइन ।

गैह्र बहरमा लेख्दैमा मात्र वा बहरमा लेखेर मात्र गम्भिर गजल आउने दुवै धारणा अतिवाद हुन् । अतिवादबाट सिर्जनालाई बचाऔं । यसका लागि कलाका सबै शक्तिहरूलाई सम्मान गरौं । जबसम्म गजलकारले गजलकार बाहेक अरू पढ्दैनन्, समाज, मानिसका दुख र दर्शन पढ्दैनन्, उनीहरूबाट क्वालिटी गजल निस्कने सम्भावना छैन । नेपाली गजलले बहस गर्नु पर्ने अबको विषय यही हो । बहर वा गैह्र बहर बहस त केवल पसलेहरूको कुनियत मात्र हो ।

गोरे नस्लवादको बुटमुनी कुल्चिएर काले जर्ज फ्लोयडले मारिनु अघि 'आइ कान्ट ब्रेथ, आइ कान्ट ब्रेथ' भनिरहझैं नेपाली गजलले बहरको बुटमुनी कुल्चिएर 'मलाई सास फेर्न देऊ' भनेर याचना गरिरहेछ ।

गजललाई सास फेर्न देऊ ।

(कवि भूपिनको फेसबुकबाट साभार)

कविता

प्रिय भूपि

नवकृति ढुंगे

हिमालपारीको देश
मुस्ताङको थाकखोलामा
झण्डै नौ दशक अगाडि
जन्मिएको थियो
एउटा कविता
अर्थात् प्रिय भूपि
परिवर्तनको सपना भरेर
निर्भर आँखाहरूमा
नयाँ इयाउरे गीतहरू गाउँदै
हुर्किएका थिए
प्रिय भूपि
समयको एउटा घुम्तिमा
व्यङ्ग्य र आक्रोशको
आँधिबेहरी उभारेर
खबरदारी गरेकाथिए उनैले
घुम्ने मेचमाथि बस्ने
अन्धा मान्छेहरूलाई
फेरेर कविताकै परिभाषा
नयाँ बिम्ब र अलंकारहरूले
एउटा युग बाँचेकाथिए
प्रिय भूपि
धेरै लेखेर थोरै बाँच्नेहरूभन्दा
थोरै लेखेर धेरै बाँच्ने कवि भूपि
सगर हुन आधुनिक कविताका
सिन्धु हुन नेपाली अक्षरहरूका
अभिसप्त परजस्तो लाग्ने यो समयमा
असार बगिरहने नियति बाँचिरहँदा
ए मेरो जून
मेरो प्रिय भूपि
यो एक कविता
तिम्रो सम्झनामा
हो, प्रिय भूपि
मलाई पनि
तिमीलाई जस्तै अचेल
गलत लाग्छ,
मेरो देशको इतिहास
लाग्छ रोकिएझैं समय
घण्टाघरमा एकटक
तिम्रो पैटोभित्रको वटवृक्ष
फालिए झैं लाग्छ
समयको घिसो एड्रेमा
जीवनको यो अँध्यारो सडकमा
हिँडिरहँदा एक्लै
सम्झिरहन्छु तिमीलाई
मेरो प्रिय भूपि
तिमीले गाएको गीतमा
म आफ्नै धमिलो छायाँ देख्छु
डडेलो लाग्दै गरेको
सपनाको खरानीमा
तिम्रै कविता भेट्छु
(कक्षा ७, क्यानन सेकेन्डरी स्कुल)

नयाँ बाटो

बसन्त यादव

फोरेर श्रमका फालीहरूले
बाँझो यो धर्ति
खन्याएर पसिना गराहरूमा
ए दाजै,
तिमीले नै उमारेका हौ
जीवनका बालीहरू
पालेर यो सिंगै संसार
भन त,
कति रात निदायौ तिमी
भोको पेट
अनि निख्लो सपना ओढेर
अझै कति जोतिबस्छौ
परम्पराको हलोले यो जमिन?
अझै कति फोर्छौ खेतका डल्लाहरू
उहि पुराना कुटी र कोदालाहरूले?
समय फेरिएको छ दाजै
मान्छेले छोईसकेको छ मंगल
प्रविधिको थुँई चढेर
तिमी अझै कहिलेसम्म बोकिराख्छौ
पुरानो यो भारी
आफैंलाई निचोरेर पनि
भरिदैन तिम्रो अभावको कसौंडि
आखिर कहिलेसम्म
मरिरहन्छौ यसरि नै
हुरि, बतास र झरीहरूमा
फाल यि हलो जुवा
अनि लगाउ काममा
नयाँ प्रविधिहरू
रोप तिम्रा खेत खल्यानहरूमा
नयाँ सोच
सिकेर हेर एकफेर
कसरि चल्छन यि
नयाँ मसिनहरू
कसरि उमार्छन
तिम्रा गराहरूमा असर्फी
हेर दाजै हेर एकफेर
फालेर पुराना तौरतरिकाहरू
अब बाच्नुहुँदैन गरिबीमा
हामी किसानहरू
छोडेर सबै किन्तु परन्तुहरू
अब हिड्नैपर्छ हामी
आधुनिकताको नयाँ बाटो
आखिर कहिलेसम्म हिडिरहने हो
आफ्नै रहरको मलामी?
(कक्षा ११, क्यानन सेकेन्डरी स्कुल)

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

मदन भण्डारी गोल्डकप भलिबल :

एपीएफ र आयोजक विजयी

बुटवल। बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसीपमा शुक्रबार सशस्त्र प्रहरीको एपीएफ क्लब र आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमीले जित हात पारेका छन्।

बुटवलको रामनगर खेलमैदानमा जारी प्रतियोगिताको तेस्रो दिनको खेलमा मदन भण्डारी स्पोर्टस् एकेडेमीले रूकुमपश्चिम भलिबल प्रशिक्षण केन्द्रमाथि ३-० को सोझो सेटमा जित निकालेको हो। एकेडेमीले पहिलो सेट २५-१९, दोस्रो सेट २५-१४ र तेस्रो सेट २५-२३ अंकमा जितेको थियो।

तेस्रो सेट प्रतिस्पर्धात्मक रहे पनि बाँकी दुई सेटमा मदन भण्डारी स्पोर्टस् एकेडेमीले सहज जित निकालेको हो। उसले प्रतियोगिताको उद्घाटन खेलमा नेपाल पुलिस क्लबसँग ३-१ को पराजय व्यहोरेको थियो। रुकुमपश्चिमको यो दोस्रो हार हो। यसअघि उसले मणिमुकुन्द भलिबल क्लब रुपन्देहीसँगको खेल ३-० को सोझो सेटमै गुमाएको थियो।

एकेडेमीले छनोट चरणको अन्तिम प्रतिस्पर्धामा आइतबार मणिमुकुन्दको सामना गर्नेछ। रुकुमपश्चिमले भने सोमबार पुलिससँग प्रतिस्पर्धा गर्नेछ।

साई ग्लोबल कपः

प्यारामाउण्ट र होराइजन जीबीएस विजयी

भैरहवा। साई ग्लोबल कप जिल्लास्तरीय अन्तरकलेज टि-२० क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार भएका दुई खेलमध्ये पहिलो खेलमा प्यारामाउण्ट कलेज र दोस्रो खेलमा होराइजन जीबीएस विजयी भएको छ। प्यारामाउण्टले न्यू होराइजन (बी) टिममाथि १० विकेटको सानदार जित हात पार्दा होराइजन जीबीएसले साई ग्लोबल (ए) टिमलाई ४२ रनले हरायो।

रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा जितका लागि पाएको ४७ रनको झिनो लक्ष्य प्यारामाउण्टले ४ ओभर १ बलमा विनाक्षति ५० रन बनाउँदै पूरा गर्यो र सानदार जित निकाल्यो। उसका लागि ऋषभ बेल्वासेले अविजित ३० र डुस सुनारले नटआउट १९ रन बनाए। बलिङमा न्यू होराइजन (बी) का कुनै पनि खेलाडीले विकेट लिन सकेनन्।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजन (बी)ले मौसमका कारण ७ ओभरमा छोट्याइएको खेलमा ७ विकेट गुमाएर जम्मा ४६ रन बनाएको थियो। उसका लागि निश्चल ज्ञवालीले १६ र रन्जित मौर्यले १० रन बनाए पनि अन्य ब्याटर नचल्दा टिमले हार व्यहोर्यो। बलिङमा प्यारामाउण्टका सन्देश थापाले ३ तथा तुलबहादुर थापा र सागर गैह्रेले १-१ विकेट लिए। खेलमा सन्देश थापा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको होराइजन जीबीएसले निर्धारित २० ओभरमा ६ विकेटको नोक्सानीमा १ सय ४२ रन बनायो। उसका लागि आरिफ खानले ५४ रनको अर्धशतकीय पारी खेले। यस्ती, चन्दन राजपुतले २७ र विप्रसन केसीले २५ रनको योगदान गरे। बलिङमा साई ग्लोबलका अभिषेक पासीले ३ तथा अर्जोय पोखरेल र अजय चौहानले १-१ विकेट लिए।

साई ग्लोबलले जवाफी ब्याटिङ गर्दै ९ विकेटको क्षतिमा जम्मा ९९ रन बनायो र हार व्यहोर्यो। उसका लागि अविजित ज्ञवालीले १६, अजयकुमार चौहान, राहुल डाडी र अभिषेक पासीले समान १४ रन तथा निरज चाईले १२ रन बनाए पनि जितका लागि पर्याप्त भएन। बलिङमा होराइजन जीबीएसका सुनिल लोध, अन्सु चौधरी र विप्रसन केसीले २-२ तथा सहज अर्या र आरिफ खानले १-१ विकेट हात पारे। खेलमा आरिफ खान प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ हात पारे।

रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनामा प्रतियोगिता भइरहेको हो। प्रतियोगिताको विजेता टिमले ५५ हजार, उपविजेताले २५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई १ हजारसहित प्रमाणपत्र, प्लेयर अफ द सिरिजलाई १० हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ। यस्तै, बेस्ट बलर र बेस्ट बलरलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र तथा अनुशासित टीमलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए।

पाणिनीमा सुशासन र सेवाग्राहीका अपेक्षामाथि गहन छलफल

अविजित पन्थी

अर्घाखाँची

पाणिनी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम पालिस्थित कोट मन्दिरमा भव्य रूपमा सम्पन्न गरेको छ। वडा नं. ७ र ८ का सेवाग्राहीलाई लक्षित गर्दै आयोजित कार्यक्रममा पालिकाले चौमासिक अवधिमा सम्पन्न गरेका विकास निर्माणका काम, सेवा प्रवाह, सुशासन, र पारदर्शिताबारे जानकारी गराउँदै सेवाग्राहीका प्रश्न, सुझाव, र गुनासालाई समेट्ने प्रयास गरेको थियो।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेले पालिकाको समग्र विकासका लागि नागरिकका सुझाव र आवश्यकता महत्वपूर्ण हुने बताउँदै, सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जनताको समस्याको समाधान गर्न पालिका प्रतिबद्ध रहेको उल्लेख गरे। उनले रचनात्मक सुझावलाई मनन गर्दै नागरिक आवश्यकता र चाहनाका आधारमा योजनाबद्ध कार्य अघि बढाइने आश्वासन दिए।

पालिका उपाध्यक्ष नर्मदा गौतम पौडेलले पालिकाभित्रका व्यवसाय, बजार र योजनाको अनुगमन प्रक्रियामा आएका गुनासालाई सम्बोधन गर्दै आगामी दिनमा अनुगमन प्रणालीलाई थप सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरिन। उनले पालिकाका योजनाहरूको कार्यान्वयनमा देखिएका कमजोरी सुधार गर्दै पारदर्शिता कायम गरिने जनाइन।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले कार्यालयलाई जनमुखी, पारदर्शी, र सुशासनमैत्री बनाउन कुनै कसर बाँकी नराखिने बताए। उनले कर्मचारी तहबाट कुनै प्रकारको लापरवाही भएमा तुरुन्तै कारबाहीको प्रक्रिया अघि बढाइने स्पष्ट पारेका थिए।

वडा नं. ७ का वडाध्यक्ष तथा प्रवक्ता गुणाखर अधिकारी र वडा नं. ८ का वडाध्यक्ष रोमबहादुर पाण्डे क्षेत्रीले वडावासीको आवश्यकता र चाहनालाई ध्यानमा राखी योजनाहरू छनोट र कार्यान्वयन भइरहेको जानकारी दिए। उनीहरूले आगामी दिनमा पनि जनउत्तरदायी सेवा प्रवाहमा पालिका केन्द्रित हुने बताएका थिए।

कार्यक्रममा नेकपा (एमाले) लुम्बिनी कमिटी सदस्य कुटमदिन अली, नेपाली कांग्रेस पाणिनी गाउँ कार्यसमिति सभापति तुलसी पौडेललगायत अन्य सहभागीले पाणिनी गाउँपालिकाको विकास र समृद्धिका लागि विभिन्न सुझाव राखेका थिए।

सार्वजनिक सुनुवाइका क्रममा करिब १५ जना सेवाग्राहीले आफ्ना गुनासा, सुझाव र प्रश्न प्रस्तुत गरेका थिए। नागरिकबाट प्राप्त सुझावलाई समेट्दै कार्यक्रमका सहजकर्ता लक्ष्मण घिमिरेले नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत फारमको रिपोर्ट प्रस्तुत गरेका थिए।

कार्यक्रमको सञ्चालन विष्णु खनालले गरेका थिए भने अध्यक्षता गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेले गरेका थिए। कार्यक्रमको सहजीकरण बोर्डरलेस मिडिया हब प्रा.लि. अर्घाखाँचीले गरेको थियो। कार्यक्रममा प्रस्तुत गरिएको प्रतिवेदनले गाउँपालिकाको पारदर्शिता र जनसहभागिता अभिवृद्धिमा विशेष योगदान पुर्याउने अपेक्षा गरिएको छ।

कार्यक्रमले सेवा प्रवाह, विकास योजना र सुशासनमा सुधार गर्नुपर्ने पक्षलाई प्रस्ट पहिचान गर्दै आगामी दिनमा पालिकालाई थप जनउत्तरदायी बनाउनका लागि मार्गचित्रसमेत प्रस्तुत गरेको छ। यो सार्वजनिक सुनुवाइ पाणिनी गाउँपालिकाको विकास, सुशासन, र पारदर्शिताप्रति जिम्मेवार भूमिका निर्वाह गर्ने दिशामा कोसेढुङ्गा साबित हुने विश्वास गरिएको छ।

धान उत्पादन ४ प्रतिशतले वृद्धि

बुटवल। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस वर्ष धानको उत्पादन वृद्धि हुने जनाएको छ। मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी गत वर्षभन्दा यस वर्ष धान उत्पादनमा उल्लेख्य वृद्धि हुने देखिएको जनाएको हो।

चालु आर्थिक वर्षमा धान बालीको कुल उत्पादन ५९ लाख ५५ हजार चार सय ७६ मेट्रिक टन हुने प्रारम्भिक अनुमान रहेको र यो गत वर्षको तुलनामा चार दशमलव ०४ प्रतिशतले बढी रहेको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

धान बाली लगाइएको क्षेत्रफल घटेको भए पनि उत्पादकत्वमा आएको सकारात्मक वृद्धिले उत्पादन वृद्धि भएको मन्त्रालयले जनाएको छ। 'वर्षे र चैते दुवै गरी चालु आवमा कुल १४ लाख २० हजार छ सय ३६ हेक्टर क्षेत्रफलमा धान लगाइएको अनुमान छ। जुन गत आवको तुलनामा एक दशमलव २८ प्रतिशतले कमि हो', मन्त्रालयले भनेको छ, 'औसत उत्पादकत्व चार दशमलव १९ मेट्रिक टन प्रतिहेक्टर पुगी हालसम्मको उच्च विन्दु कायम भएको छ।'

चालु आर्थिक वर्षमा मनसुन औसतभन्दा तीन दिन अगाडि सक्रिय हुन पुगेको र पर्याप्त वर्षा हुँदा उत्पादन बढेको जनाइएको छ। यस्तै, किसानले समयमा रासायनिक मल र उन्नत जातको बीउ पाएका कारण पनि उत्पादन बढेको मन्त्रालयको दाबी छ।

प्रदेशगत रूपमा कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा धान उत्पादनमा वृद्धि भएको छ भने बाँकी तीन प्रदेशमा कमी आएको छ। रुकुम (पश्चिम) मा धान बाली लगाइएको क्षेत्रफल गत वर्षको तुलनामा घटेकाले समग्र कर्णाली प्रदेशको उत्पादनमा कमी आएको मन्त्रालयले जनाएको छ।

यस्तै, नवलपरासी (पूर्व) को केही भागमा वर्षे धानको बाला नलाग्ने समस्या देखिदा उत्पादनमा कमी आएको र लमजुङ जिल्लामा धान बाली लगाइएको क्षेत्रफल परिमाण परिमार्जन हुँदा कुल धान बाली भित्र्याइएको क्षेत्रफलमा कमी आई उत्पादनमा कमी हुन पुगेको जनाइएको छ।

तिलोत्तमा ६ मा जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण

बुटवल। रुपन्देहीको तिलोत्तमा नगरपालिकाद्वारा सञ्चालन गरिएको "जेष्ठ नागरिकसँग वडाध्यक्ष" कार्यक्रमअन्तर्गत विशेषज्ञ सेवासहितको निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। नगर प्रमुख रामकृष्ण खाँणले वडा नम्बर-६ ले गरेको सह्रानिय कार्यको प्रसंशा गर्दै आगमी दिनमा सबै वडामा यस्तो खालको परीक्षण सेवा विस्तार गरिने बताए। नगर प्रमुख खाँणले ज्येष्ठ नागरिकहरूको सम्मानमा उनीहरूको दीर्घायुका लागि वडाले यस्तो कदम चालेको समेत बताए।

स्वास्थ्य चेकजाँच गराएका बिरामीहरूलाई निःशुल्क औषधी समेत वितरण गरिएको थियो। स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिकहरूलाई गाउँघरमै स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले सो कार्यक्रम सञ्चालन गरिएको तिलोत्तमा नगरपालिका वडा नम्बर-६ का अध्यक्ष गणेश पाठकले जनाए।

शिविरमा करिब ५० जना जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिएको तिलोत्तमा नगरपालिका आनन्दवन स्वास्थ्य चौकीका इन्चार्ज स्वास्थ्य शाखा अधिकृत रामप्रसाद चुँदालीले जानकारी दिए। शिविरमा ६८ वर्षदेखि माथि उमेरका जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिएको थियो।

सो अवसरमा प्रेसर, दम, छाला, बाथ, नसा, मधुमेह जस्ता रोगहरूको बारेमा जाँच गरिएको थियो। शिविरमा स्वास्थ्य सेवा लिन आएकामध्ये धेरै जसो मधुमेह, उच्च रक्तचाप र दमका बिरामीहरू रहेको आनन्दवन स्वास्थ्य चौकीका इन्चार्ज स्वास्थ्य शाखा अधिकृत चुँदालीले जानकारी गराए।

शिविरमा वरिष्ठ फिजिसियन डक्टर कृष्णचन्द्र गोदार, वडा सदस्य पूर्णप्रसाद आचार्य सज्जय, सीता गौतम, गीता गन्धर्व, वडा सचिव कृष्णबहादुर क्षेत्री, स्वास्थ्य अधिकृत ह्रुमनाथ पाण्डेलगायतले स्वास्थ्य सेवाका विषयमा आ-आफ्ना राय प्रस्तुत गरेका थिए।

हार्दिक आभार तथा धन्यवाद

बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीको आयोजना तथा बुटवल उप-महानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा 'लगानी लुम्बिनीमा : समृद्धि देशमा' भन्ने मूल नारासहित २०८१ पौष ३ देखि १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल बुटवल मण्डपमा औद्योगिक व्यापार मेला सफलतापूर्वक सम्पन्न भएको छ। बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीको २४औं संस्करणको यो मेलामा करिब चार लाख दर्शकको अवलोकन र मेलाभित्र करिब २५ करोडको कारोबार भएको आँकलन गरिएको छ। मेलालाई भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने प्रदर्शक, सौजन्यदाता, मेला अवलोकनकर्ता, सुरक्षा निकाय, सरकारी कार्यालय, व्यवसायिक संघ संस्था, सञ्चार गृह तथा सम्पूर्ण पत्रकार, सामाजिक सञ्जाल प्रयोगकर्ता सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं।

हरिप्रसाद अर्याल
संयोजक
मेला कार्य सम्पादन मूल समिति
औद्योगिक व्यापार मेला बुटवल २०८१

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाईनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०२५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत ५१ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.dainiklumbini.com